लोक सेवा आयोग
# समाचार पत्र
A Trimester Newsletter of Public Service Commission, Nepal

www.psc.gov.np

वर्ष – ९ | अङ्क – २ | पूर्णाङ्क – ३० | कार्त्तिक – पौष २०७५



## समावेश भएका विषयवस्तुहरु


- लोक सेवा आयोग समाचार
  - लोक सेवा आयोगका सदस्य डा. गोविन्दप्रसाद कुसुम सेवा निवृत्त
  - आयोगको वार्षिक समीक्षा गोष्ठी सम्पन्न
- आर्थिक वर्ष २०७५-७६ को प्रथम त्रैमासिक अवधिको कार्यसम्पादन
  - आयोगका बैठक र निर्णय
  - पाठ्यक्रम निर्माण तथा परिमार्जन
  - पदपूर्तिका लागि माग र प्रतिशत निर्धारण
  - विज्ञापन प्रकाशन
  - दरखास्त संकलन
  - लिखित परीक्षा सञ्चालन
  - लिखित परीक्षा नतिजा तयारी
  - अन्तर्वार्ता तथा सिफारिस
  - सुरक्षा निकाय तथा संगठित संस्था
  - विभागीय सजाय / परामर्श
  - परीक्षामा अनियमितता गर्ने उपर आयोगबाट गरिएको कारबाही
  - महत्वपूर्ण निर्णयहरु
  - कर्मचारी व्यवस्थापन
  - बजेट खर्च
- अन्तर्वार्ता
  - शाखा अधिकृत श्री कृष्ण प्रसाद पराजुली
  - लेखा अधिकृत श्री लेखा भण्डारी
- बारम्बार सोधिने प्रश्नहरु
- स्वत: प्रकाशन
- लोक सेवा आयोगको संशोधित वार्षिक कार्यतालिका


## त्रैमासिक गतिविधि सारांश

### आयोगको बैठक
- वैठक संख्या : २४
- निर्णय संख्या: ६५

### शैक्षिक योग्यता निर्धारण
- योग्यता नयाँ निर्धारण भएका पदहरु: X
- योग्यता परिमार्जन भएका पदहरु : X

### पाठ्यक्रम
- पाठ्यक्रम नयाँ निर्माण भएका पदहरु : X
- पाठ्यक्रम परिमार्जन भएका पदहरु : ५

### माग संकलन र प्रतिशत निर्धारण
- माग संकलन : ८६०
- प्रतिशत निर्धारण : ८६०

### पदपूर्तिका लागि विज्ञापन र माग
- विज्ञापन संख्या : १२२
- माग पद संख्या : ८६०
  अधिकृतस्तर : ४७७
  सहायकस्तर : ३८३

### दरखास्त संकलन
- जेष्ठता र कार्यसम्पादन : २८१
- कार्यक्षमता मूल्यांकन : ११
- आयोगको अनलाईन डेटावेसमा संकलन भएका दरखास्त संख्या :- १४,२५९
  महिला : ५,९३६ पुरुष : ८,३२३

### लिखित परीक्षा
- परीक्षा सञ्चालन भएको विज्ञापन संख्या : X
- उपस्थित उम्मेदवारको संख्या : X
  महिला: X पुरुष : X

### लिखित परीक्षा नतिजा तयारी
- नतिजा तयार गरिएको विज्ञापन संख्या : X
- उत्तरपुस्तिका परीक्षण : X
  विषयगत : X OMR: X
  बस्तुगत : X

### सुरक्षा निकाय तथा संगठित संस्था
- पदपूर्तिको लागि सहमति प्रदान गरिएका निकाय : ६
- लिखित परीक्षामा सम्मिलित परीक्षार्थी : ७,८९४
  महिला: १,९१८ पुरुष: ५,९७६
- लिखित नतिजा तयारी गरिएको विज्ञापन संख्या : १४५
- उत्तरपुस्तिका परीक्षण : १,०१,७८२
  विषयगत : ८३,८४६ OMR : ३,३८३
  वस्तुगत : १४,५५३
  लिखित परीक्षामा उतिर्ण: ३,३७१
  महिला: १००४ पुरुष: २,३६७

### अन्तर्वाता तथा सिफारिस
- अन्तर्वार्ताका लागि छनौट : X
  महिला : X पुरुष : X
- सिफारिस : १९८२
  महिला : ६२८ पुरुष : १३५४

### विभागीय सजाय र परामर्श
- सामान्य सजाय सिफारिस : ९
- विशेष सजाय सिफारिस : ६
- परामर्श प्रदान : १५

### कर्मचारी व्यवस्थापन
- सरुवा
  - अन्यत्र निकायबाट आयोगमा : १७
  - आयोग अन्तर्गत : १
  - आयोगबाट अन्य निकाय : ४
- पदोन्नति : २
- अनिवार्य अवकाश : ३

### अनियमितता उपर कारवाही
- परीक्षामा अनियमितता गर्ने उपर गरिएको कारवाही : २०
  महिला : ० पुरुष : २०

### बजेट खर्च
- यस अवधिको खर्च: ६,०६,९७,१९९/-

सम्पादक मण्डल:

जानकीराम शर्मा बराल
अध्यक्ष
सहसचिव

देवीप्रसाद सुवेदी
सदस्य
(उपसचिव)

राजु सत्याल
सदस्य-सचिव
(शाखा अधिकृत)

सम्पादकीय.................................

## परिवर्तित सांगठनिक संरचना र वार्षिक समीक्षा गोष्ठी

नेपाल सरकारको मिति २०७५ असार ३२ को निर्णयले आयोगको संगठन संरचनामा परिवर्तन भएको छ । मुलुक एकात्मक संरचनाबाट संघीय स्वरुपमा रुपान्तरित भइसकेको अवस्थामा आयोगका मौजुदा क्षेत्रीय कार्यालयहरुलाई सम्बन्धित प्रदेश कार्यक्षेत्र हुनेगरी रुपान्तरण गरिएको छ । साविकको जनकपुर अञ्चल कार्यालय र लुम्बिनी अञ्चल कार्यालयको नेतृत्व सहसचिव तहबाट हुने व्यवस्था सहित संगठन संरचनामा परिवर्तन गरी तद्अनुरुप पदस्थापनाको कार्य समेत भइसकेको छ । नेपालको संविधान बमोजिम लोक सेवा आयोगको कार्यक्षेत्र तथा संरचनामा परिवर्तन भइसकेको अवस्थामा समेत लोक सेवा आयोग ऐन तर्जुमाकै क्रममा रहेको छ ।

परिवर्तित संरचनाबाट कार्यसम्पादन सुरु भए सँगै लोक सेवा आयोगले वार्षिक रुपमा आयोजना गर्ने समीक्षा गोष्ठी यस वर्ष पनि सम्पन्न गरेको छ । वार्षिक समीक्षा गोष्ठीले आयोगलाई कार्य सञ्चालनका निमित्त मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ । यसबाट आयोगले निर्धारण गरेका नयाँ नीति र कार्यक्रमको कार्यालय तहसम्म सञ्चार प्रभावकारी हुने तथा कार्यालयहरुले भोग्नु परेका समस्या तथा समाधानका लागि केन्द्रीय कार्यालयलाई आवश्यक प्रबन्ध गर्न सघाउ पुऱ्याएको छ ।

समीक्षा गोष्ठीमा शैक्षिक योग्यताको निर्धारण, परीक्षा प्रणालीमा सुधार, अनलाइन मार्फत फाराम भर्ने प्रणालीलाई थप सरल बनाउनु पर्ने, प्राविधिक पदका परीक्षाका प्रश्नपत्रमा गरिनु पर्ने सुधार, अन्तर्वार्ता पूर्व भरिने फारामलाई थप व्यवस्थित गर्नु पर्ने, विज्ञहरुका विवरण नियमित अद्यावधिक गर्नु पर्ने लगायतका विषयमा सहभागीहरुको ध्यानाकर्षण गराइएको थियो । समीक्षा गोष्ठीबाट निकालिएका सकारात्मक निष्कर्षहरुलाई कार्यान्वयन गरी लोक सेवा आयोगप्रतिको जनविश्वासलाई थप बलियो बनाउनु आजको आवश्यकता हो, यसका लागि सबै पक्षको सक्रिय सहयोगको अपेक्षा गरिएको छ ।

# लोक सेवा आयोग समाचार

## आयोगका सदस्य डा. गोविन्दप्रसाद कुसुम सेवानिवृत्त

मिति २०७१ चैत्र ११ गते नियुक्त हुनुभएका लोक सेवा आयोगका सदस्य डा. गोविन्दप्रसाद कुसुम उमेर हदका कारण २०७५ चैत्र २८ गतेसेवा निवृत्त हुनु भएको छ । मिति २०७५ कार्तिक २८ गते आयोगमा एक कार्यक्रम आयोजना गरि वहाँलाई सम्मान एवम् मायाको चिनो प्रदान गरि विदाई गरिएको छ ।



सो कार्यक्रममा निवर्तमान सदस्य डा. कुसुमले लोक सेवा आयोगको समृद्धि र श्रीवृद्धिको लागि काम गर्ने अवसर पाउनु महत्वपूर्ण रहेको बिचार व्यक्त गर्नु हुँदै भएको थियो । वहाँले आयोगको संस्थागत विकासमा योगदान गर्ने अवसर प्राप्त गरेकोमा खुशी व्यक्त गर्नु हुँदै पद्धति, क्रियाकलाप र मूल्यमान्यता बलियो बनाउने कार्य महत्वपूर्ण रहेको बताउनु भयो । त्यस्तै आयोगले नीतिगत कार्यान्वयन गर्न आयोगको जनशक्तिको व्यावसायिकता अनुकरणीय भएको बताउनु हुँदै वहाँले Decision Support System मा सुधारको खाँचो औंल्याउनु भएको थियो।

बिदाइ कार्यक्रममा शुभकामना व्यक्त गर्नु हुँदै आयोगका अध्यक्ष श्री उमेशप्रसाद मैनालीले एउटा परिपक्व एवम् बौद्धिक व्यक्तित्वको रुपमा वहाँबाट आयोग लाभान्वित भएको तथा आयोगको साख अभिवृद्धिमा उहाँले पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्नु भएको थियो।वहाँले संस्था (Institution), पद्धति (Tradition) र प्रक्रिया (Process) महत्वूर्ण रहेको बताउनु हुँदै यसको सुदृढीकरणमा डा. कुसुमले पुऱ्याउनु भएको योगदानको चर्चा गर्नुभयो । मानिसको सक्रियता गुम्यो भने मात्र अवकाशको अवस्था सृजना हुने दृष्टान्त जोड्दै वहाँले आगामी दिन अझ रचनात्मक एवम् सृजनात्मक रहने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा आयोगका निमित्त सचिव श्री किशोर जंग कार्कीले स्वागत र बिदाइ दुबै निरन्तर एवम् स्वाभाविक प्रक्रिया भएको बताउँदै आफ्नो जिम्मेवारीप्रति समर्पित भावले कार्य गरी आयोगलाई महत्वपूर्ण योगदान पुऱ्याउनु भएकोमा सम्पूर्ण कर्मचारीको तर्फबाट आभार व्यक्त गर्नुभएको थियो।

## आयोगको वार्षिक समीक्षा गोष्ठी सम्पन्न

मिति २०७५ साल कात्तिक १७ गते आयोगको सभाहलमा आ.व. २०७४/०७५ को वार्षिक समीक्षा गोष्ठी सम्पन्न भएको छ । आयोगका महाशाखा प्रमुख, शाखा प्रमुख एवम् आयोग अन्तर्गतका कार्यालय प्रमुख/प्रतिनिधिहरूको उपस्थिति रहेको उक्त गोष्ठीमा आयोगका महाशाखा एवम् कार्यालयहरूबाट पेश भएका वार्षिक प्रगति प्रतिवेदनमा उल्लेखित उपलब्धि, समस्या र समाधानका उपायहरुको विषयगत एकीकृत सारांश आयोगका उपसचिव देवीप्रसाद सुवेदीले प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्तुती पश्चात् महाशाखा प्रमुख एवम् कार्यालय प्रमुख/प्रतिनिधिहरुले कार्यसम्पादनका सिलसिलामा भोग्नु परेका समस्या तथा सुधारका क्षेत्रका बारेमा थप स्पष्ट पार्नु भएको थियो । समारोहमा आयोगका सचिव श्री महेन्द्रप्रसाद गुरागाईंले सहभागीहरुबाट उठेका समस्याहरु सान्दर्भिक रहेको र समयमै कार्य सम्पन्न गर्नका निमित्त सुधारका कार्यलाई निरन्तरता दिइने बताउनुभएको थियो । कार्यक्रममा आयोगका सदस्यहरु अशोक कुमार झा, ब्रह्मदेव राय तथा कृष्णचन्द्र झाले लोक सेवा आयोगको निष्पक्षता र तटस्थतालाई जोगाई परीक्षालाई मर्यादित बनाउन थप सचेत हुनुपर्ने बताउनु भएको थियो। सोहि अवसरमा आयोगका अध्यक्ष श्री उमेशप्रसाद मैनालीले यस्ता कार्यक्रमबाट समस्याको पहिचान र समाधान गर्नमा थप मद्दत मिल्ने बताउनु हुँदै सामुहिक प्रयासले मात्र आयोगको लक्ष्य प्राप्ति सम्भव रहेको बिचार व्यक्त गर्नुभएको थियो ।

## आर्थिक वर्ष २०७५-०७६ को दोस्रो त्रैमासिक अवधिको कार्यसम्पादन अवस्था

### १. आयोगका बैठक र निर्णय

आर्थिक वर्ष २०७५/०७६ को दोस्रो त्रैमासिक अवधिमा २४ पटक बैठक बसी आयोगले देहाय अनुसार कूल ६५ वटा निर्णयहरु गरेको छ ।

| निर्णयको विषय | निर्णय सख्या |
|---|---|
| विभागीय सजायको परामर्श | १५ |
| बढुवा सम्बन्धी | ० |
| नीति-नियम सम्बन्धी | १५ |
| परीक्षा, अन्तर्वार्ता र नतिजा | ८ |
| शैक्षिक योग्यता | ३ |
| पाठ्यक्रम तथा मूल्याङ्कन | ३ |
| सुरक्षा निकाय तथा संगठित संस्था | १३ |
| विविध | ८ |
| जम्मा | ६५ |

### २. पाठ्यक्रम निर्माण तथा परिमार्जन

तल उल्लेख गरिएका सेवा, समूह, उपसमूह, श्रेणी र तहका पदहरुको पाठ्यक्रम देहायको मितिमा आयोगबाट परिमार्जन भएका छन् । यस अवधिमा कुनै पनि नयाँ पाठ्यक्रम निर्माण भएको छैन ।

**पाठ्यक्रम परिमार्जन**

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह र उपसमूह | निर्णय मिति | लागू हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल न्याय | न्याय, कानून, सरकारी वकिल | २०७५/०८/२४ | २०७५/०८/२४ | परीक्षा योजना संशोधन गरिएको । |
| २. | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन, परराष्ट्र, लेखापरीक्षण र संसद (एकीकृत तथा संयुक्त) | | २०७५/०८/२४ | २०७५/०८/२४ | |
| ३. | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल न्याय | न्याय, कानून, सरकारी वकिल | २०७५/०९/०२ | २०७५/०९/०२ | पाठ्यक्रममा समावेश गरिएका ऐन, कानूनहरु अद्यावधिक गरिएको । |
| ४. | उपसचिव | रा.प.द्वितीय | नेपाल न्याय | न्याय, कानून, सरकारी वकिल | २०७५/०९/०२ | २०७५/०९/०२ | |
| ५. | उपसचिव | रा.प.द्वितीय | नेपाल व्यवस्थापिका संसद | सामान्य प्रशासन | २०७५/०९/०२ | २०७५/०९/०२ | |

## ३. पदपूर्तिका लागि माग र प्रतिशत निर्धारण

यस अवधिमा पदपूर्तिका लागि देहाय अनुसार माग संकलन र प्रतिशत निर्धारण गरिएको छ ।

| क्र.सं. | श्रेणी/तह | माग संकलन | प्रतिशत निर्धारण |
|---|---|---|---|
| १ | रा.प.प्रथम (अप्रा.) | १० | १० |
| २ | रा.प.द्वितीय (अप्रा.) | ५७ | ५७ |
| ३ | रा.प.तृतीय (अप्रा.) | ३५७ | ३५७ |
| ४ | रा.प.तृतीय (प्रा.) | १ | १ |
| ५ | रा.प.तृतीय (एकीकृत) | ५२ | ५२ |
| ६ | रा.प.अनं.प्रथम | ३८३ | ३८३ |
| जम्मा | | ८६० | ८६० |

## ४. विज्ञापन प्रकाशन

संशोधित वार्षिक कार्यतालिका अनुसार मंसिर महिनाको अन्तिम बुधवार रा.प.प्रथम, द्वितीय एवम् तृतीय श्रेणी र पुस महिनाको अन्तिम बुधबार रा.प.अनं. प्रथम श्रेणी (अप्राविधिक) का पदको विज्ञापन प्रकाशन भएको छ । प्रकाशित विज्ञापन संख्या र विज्ञापित पद संख्या यस प्रकार रहेको छ ।

| श्रेणी | बढुवा तर्फ | | आ.प्र र खुलातर्फ | | कूल जम्मा | |
|---|---|---|---|---|---|---|
| | विज्ञापन संख्या | पद संख्या | विज्ञापन संख्या | पद संख्या | विज्ञापन संख्या | पद संख्या |
| रा.प.प्रथम | २ | २ | ७ | ८ | ९ | १० |
| रा.प.द्वितीय | २ | ४ | १६ | ५३ | १८ | ५७ |
| रा.प.तृतीय | ४ | ११४ | १४ | २९६ | १८ | ४१० |
| रा.प.अनं. प्रथम | ४१ | १९० | ३६ | १९३ | ७७ | ३८३ |
| **जम्मा** | **४९** | **३१०** | **७३** | **५५०** | **१२२** | **८६०** |

## ५. दरखास्त संकलन

**बढुवातर्फ :**

यस अवधिमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवा तथा कार्यक्षमताको मूल्याङ्कनबाट हुने बढुवातर्फ देहाय अनुसार कूल २८३ वटा दरखास्त फारामहरु संकलन भएका छन् ।

| क्र.सं. | श्रेणी/तह/सेवा/समूह | जेष्ठता र कार्यसम्पादन | कार्यक्षमताको मूल्याकन | कैफियत |
|---|---|---|---|---|
| १ | रा.प.प्रथम, लेखापरीक्षण | ३ | ४ | ३ वटा संयुक्त (दरखास्त फाराम दुवै तर्फका बढुवाको लागि) |
| २ | रा.प.द्वितीय, लेखापरीक्षण | ७ | ७ | ६ वटा संयुक्त (दरखास्त फाराम दुवै तर्फका बढुवाको लागि) |
| ३ | रा.प.तृतीय, न्याय/न्याय | २१५ | - | |
| ४ | रा.प.तृतीय, न्याय/कानून | ५ | - | |
| ५ | रा.प.तृतीय, न्याय/सरकारी वकिल | २८ | - | |
| ६ | रा.प.तृतीय, लेखापरीक्षण | २३ | - | |
| जम्मा | | २८१ | ११ | |

- ९ वटा दरखास्त फाराममा दुवै तर्फको बढुवा समावेश गरिएको हुँदा कूल दरखास्त संख्या २८३ कायम भएको ।

**आ.प्र., खुला र समावेशीतर्फ :**

आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत कूल १४,२५९ दरखास्त प्राप्त भएका छन् । जसमध्ये प्राविधिकतर्फ १७३ र अप्राविधिकतर्फ १४,०८६ वटा दरखास्त संकलन भएका छन् । प्राप्त दरखास्तको श्रेणी/तह अनुसारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | श्रेणी/तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | रा.प.प्रथम | ५७ | १२९ | १८६ |
| २. | रा.प.द्वितीय | २७५ | ५९२ | ८६७ |
| ३. | रा.प.तृतीय | ४३५९ | ५७८२ | १०१४१ |
| ४. | रा.प.अनं.प्रथम | १२४५ | १८२० | ३०६५ |
| जम्मा | | ५९३६ | ८३२३ | १४२५९ |

## जिल्लागत विवरण

उम्मेदवारको स्थायी ठेगानामा उल्लेखित जिल्लाका आधारमा प्राप्त दरखास्तहरु विश्लेषण गर्दा यस अवधिमा काठमाडौं, स्याङजा र गुल्मी जिल्लाबाट सबै भन्दा बढी तथा मनाङ, मुस्ताङ र डोल्पाबाट सबै भन्दा कम दरखास्त प्राप्त भएको देखिन्छ । दरखास्तको जिल्लागत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| काठमाडौं | ५०१ | २०८ | ७०९ |
| स्याङजा | २५२ | ३२१ | ५७३ |
| गुल्मी | २५४ | ३१६ | ५७० |
| झापा | २७१ | २३६ | ५०७ |
| सर्लाही | ११७ | ३२० | ४३७ |
| धनुषा | ९७ | ३२२ | ४१९ |
| मोरङ | १८५ | २१० | ३९५ |
| मकवानपुर | २१३ | १४८ | ३६१ |
| अर्घाखाँची | १४४ | २०२ | ३४६ |
| भक्तपुर | २५३ | ९० | ३४३ |
| बारा | ७८ | २५५ | ३३३ |
| महोत्तरी | ६३ | २६९ | ३३२ |
| सप्तरी | ६८ | २५४ | ३२२ |
| सुनसरी | ११८ | २०३ | ३२१ |
| सिरहा | ४८ | २६९ | ३१७ |
| रौतहट | ४८ | २६५ | ३१३ |
| कास्की | १४३ | १३६ | २७९ |
| काभ्रेपलाञ्चोक | १५१ | १२७ | २७८ |
| खोटाङ | ८९ | १८४ | २७३ |
| रुपन्देही | ११३ | १५६ | २६९ |
| पर्वत | ९५ | १७२ | २६७ |
| सुर्खेत | ९२ | १६३ | २५५ |
| वाग्लुङ | ११३ | १३१ | २४४ |
| दाङ | ८९ | १५० | २३९ |
| उदयपुर | ८५ | १४९ | २३४ |
| पर्सा | ६४ | १६७ | २३१ |
| कैलाली | ९५ | १३० | २२५ |
| ललितपुर | १३७ | ७० | २०७ |
| पाल्पा | १०१ | १०६ | २०७ |
| इलाम | १०१ | १०४ | २०५ |
| चितवन | १४३ | ५८ | २०१ |
| नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ६९ | १०२ | १७१ |
| कञ्चनपुर | ७८ | ८८ | १६६ |
| कपिलवस्तु | ६४ | ९८ | १६२ |
| दैलेख | ३४ | १२६ | १६० |
| सिन्धुली | ५६ | १०१ | १५७ |
| रामेछाप | ७७ | ७५ | १५२ |
| भोजपुर | ६६ | ८२ | १४८ |
| बर्दिया | ६८ | ७७ | १४५ |

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| गोरखा | ८५ | ५८ | १४३ |
| ओखलढुङ्गा | ५७ | ८६ | १४३ |
| नुवाकोट | ८७ | ५५ | १४२ |
| दोलखा | ७८ | ६१ | १३९ |
| बाँके | ५५ | ७४ | १२९ |
| जुम्ला | ३१ | ९१ | १२२ |
| धनकुटा | ४६ | ७० | ११६ |
| संखुवासभा | ५६ | ५७ | ११३ |
| तनहु | ५३ | ५६ | १०९ |
| सिन्धुपाल्चोक | ६४ | ४४ | १०८ |
| धादिङ | ६० | ३९ | ९९ |
| बझाङ | २० | ७८ | ९८ |
| प्युठान | १७ | ७५ | ९२ |
| रुकुम | २१ | ६८ | ८९ |
| लम्जुङ | ५१ | ३७ | ८८ |
| सल्यान | २६ | ६० | ८६ |
| अछाम | ७ | ७८ | ८५ |
| पाँचथर | २७ | ५६ | ८३ |
| तेह्रथुम | ३७ | ४३ | ८० |
| बैतडी | २० | ५८ | ७८ |
| दार्चुला | २८ | ४८ | ७६ |
| जाजरकोट | १२ | ५९ | ७१ |
| ताप्लेजुङ | १५ | ३८ | ५३ |
| बाजुरा | १७ | ३२ | ४९ |
| म्याग्दी | १३ | ३६ | ४९ |
| सोलुखुम्बु | २९ | १९ | ४८ |
| डडेलधुरा | १० | ३७ | ४७ |
| रोल्पा | २० | २५ | ४५ |
| डोटी | ८ | ३१ | ३९ |
| नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | १६ | २१ | ३७ |
| कालिकोट | ८ | २५ | ३३ |
| रुकुम (पश्चिम) | ७ | २४ | ३१ |
| हुम्ला | ३ | २० | २३ |
| मुगु | ५ | १५ | २० |
| रसुवा | ५ | ४ | ९ |
| डोल्पा | ४ | ४ | ८ |
| मुस्ताङ | ३ | १ | ४ |
| मनाङ | २ | – | २ |
| जम्मा | ५९३६ | ८३२३ | १४२५९ |

## जातिगत आधारमा

| जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ब्राह्मण | २९०१ | ३४७४ | ६३७५ |
| क्षेत्री | ८९० | १०८९ | १९७९ |
| नेवार | ५०५ | ३०१ | ८०६ |
| मगर | २३६ | २६८ | ५०४ |
| यादव | ५७ | ४३५ | ४९२ |
| थारु | ११४ | २७७ | ३९१ |
| राई | १७९ | १९९ | ३७८ |
| तामाङ्ग | १७७ | १४२ | ३१९ |
| क्षत्रीय | ९८ | १६५ | २६३ |
| कोइरी | २४ | २३५ | २५९ |
| तेली | ५६ | १५८ | २१४ |
| कामी | ६४ | १३५ | १९९ |
| लिम्बु | ८७ | ६५ | १५२ |
| ठकुरी | ६१ | ८५ | १४६ |
| कायस्थ | ४१ | ९४ | १३५ |
| गुरुङ्ग | ७८ | ४२ | १२० |
| सुढी | १५ | ७७ | ९२ |
| दमाई | ४० | ४८ | ८८ |
| कलवार | २७ | ५९ | ८६ |
| मुस्लिम | २२ | ५४ | ७६ |
| बानिया | २५ | ४७ | ७२ |
| सार्की | १८ | ४८ | ६६ |
| धानुक | १० | ४९ | ५९ |
| कुर्मी | ९ | ४२ | ५१ |
| कानू | ८ | ४२ | ५० |
| सन्यासी | २२ | २६ | ४८ |
| चमार/राम/हरिजन | | ४६ | ४६ |
| सोनार | ८ | ३७ | ४५ |
| घर्ती/भुजेल | १८ | २० | ३८ |
| केवट | ४ | ३४ | ३८ |
| राजपुत | १३ | २३ | ३६ |
| हजाम/ठाकुर | ७ | २८ | ३५ |
| तत्मा | ४ | २८ | ३२ |
| बराई | ३ | २५ | २८ |
| माँझी | ६ | २२ | २८ |
| लोहर | | २८ | २८ |
| हलुवाई | ३ | २४ | २७ |
| दुसाद/पासी/पासवान | | २६ | २६ |
| दनुवार | | २३ | २३ |

| जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| सुनुवार | ११ | ११ | २२ |
| राजवंशी | १२ | ८ | २० |
| शेर्पा | ९ | १० | १९ |
| भडियार/घडेरी | २ | १६ | १८ |
| कुमहर | | १६ | १६ |
| धोबी | | १६ | १६ |
| कुमाल | ६ | ९ | १५ |
| बराम् | ५ | ७ | १२ |
| मल्ल | २ | १० | १२ |
| बादी | ३ | ८ | ११ |
| नुनिया | ५ | ५ | १० |
| कहार | | ९ | ९ |
| खत्वे | | ९ | ९ |
| सिकर्मी | ३ | ५ | ८ |
| ताजपुरिया | | ८ | ८ |
| याक्खा | ७ | | ७ |
| ह्याल्मो | ३ | ४ | ७ |
| थकाली | ३ | ३ | ६ |
| गनगाई | | ४ | ४ |
| राजबोध | | ३ | ३ |
| बान्तवा | | ३ | ३ |
| ब्याँसी | | ३ | ३ |
| माली | | ३ | ३ |
| पहरी | ३ | | ३ |
| विंगा/विन्डा | | ३ | ३ |
| धिमाल | २ | १ | ३ |
| कमार | ३ | | ३ |
| छन्तेल | २ | | २ |
| बङ्गाली | २ | | २ |
| जिरेल | | २ | २ |
| राउत | | १ | १ |
| दमाई/ढोली | | १ | १ |
| मारवाडी | | १ | १ |
| चिडिमार | | १ | १ |
| कर्ण (कायस्थ) | | १ | १ |
| गाइने | | १ | १ |
| अन्य | २३ | १२१ | १४४ |
| जम्मा | ५९३६ | ८३२३ | १४२५९ |

## प्रदेशगत विवरण

उम्मेदवारको स्थायी ठेगानामा उल्लेखित जिल्लाका आधारमा प्राप्त दरखास्तहरु प्रदेशगत विश्लेषण गर्दा प्रदेश नं. ३ मा स्थायी बसोबास गर्ने सबै भन्दा बढी र प्रदेश नं. ६ मा स्थायी बसोबास गर्ने सबै भन्दा कम व्यक्तिले दरखास्त फाराम भरेको पाइएको छ ।

| प्रदेश | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| प्रदेश नं. १ | ११८२ | १५३७ | २७१९ |
| प्रदेश नं. २ | ५८३ | २१२१ | २७०४ |
| प्रदेश नं. ३ | १८२५ | १०८० | २९०५ |
| प्रदेश नं. ४ | ९८० | ११५६ | २१३६ |
| प्रदेश नं. ५ | ८८७ | १३२२ | २२०९ |
| प्रदेश नं. ६ | १९३ | ५०७ | ७०० |
| प्रदेश नं. ७ | २८६ | ६०० | ८८६ |
| जम्मा | ५९३६ | ८३२३ | १४२५९ |

आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक परिक्षाका लागि संकलित दरखास्त अवस्था

यस अवधिमा आन्तरिक, खुला तथा समावेशी पदहरुमा परेको दरखास्तको विवरणको अवस्था यस प्रकार रहेको छ ।

| प्रतिस्पर्धाको किसिम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| आन्तरिक प्रतिस्पर्धा | १६३ | ४८७ | ६५० |
| खुला | २६६६ | ५८३९ | ८५०५ |
| समावेशी | | | |
| महिला | २४२९ | १५ | २४४४ |
| आदिवासी/जनजाती | ४२८ | ६१५ | १०४३ |
| मधेशी | १७३ | १०२१ | ११९४ |
| दलित | ४४ | १५० | १९४ |
| अपाङ्ग | १६ | १२३ | १३९ |
| पिछडिएको क्षेत्र | १७ | ७३ | ९० |
| जम्मा | ५९३६ | ८३२३ | १४२५९ |

## ६.लिखित परीक्षा सञ्चालन

यस अवधिमा लिखित परीक्षा सञ्चालन नभएको ।

## ७. लिखित परीक्षा नतिजा तयारी

यस अवधिमा कूल लिखित परीक्षा नतिजा तयारी सम्बन्धी कुनै पनि कार्य नभएको ।

## ८. अर्न्तवार्ता तथा सिफारिस

**अन्तर्वार्ताको लागि छनौट**

यस अवधिमा अन्तर्वार्ताको लागि छनौट सम्बन्धी कुनै पनि कार्य नभएको।

**सिफारिस सम्बन्धी विवरण**

छनौट भएका उम्मेदवारको अन्तर्वार्ता समेतका आधारमा देहाय अनुसार उम्मेदवार सिफारिस भएका छन् :

| श्रेणी/तह | सिफारिस भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| रा.प.प्रथम | ० | ३ | ३ |
| रा.प.द्वितीय | २ | ६ | ८ |
| रा.प.तृतीय | ६२ | १५१ | २१३ |
| रा.प.अनं.प्रथम | ५२ | १४३ | १९५ |
| रा.प.अनं.द्वितीय | ५१२ | १०५१ | १५६३ |
| जम्मा | ६२८ | १३५४ | १९८२ |

शाखा अधिकृत (शिक्षा, कृषि र वन) पदको सिफारिस अवस्थाको विश्लेषण

यस अवधिमा राजपत्रांकित तृतीय श्रेणीका, कृषि, वन र शिक्षा तर्फका शाखा अधिकृत वा सो सरहको पदका लागि आ.व. ०७४/७५ मा भएको विज्ञापनबाट ३६५ जना उम्मेदवार सिफारिस भएका छन्। उक्त विज्ञापनबाट कूल २०५ पदका लागि माग गरिएकोमा २०० जना उम्मेदवारमात्र सिफारिस भएका छन्। सिफारिस हुन नसकेकामा कृषि सेवा तर्फ एगृ.इको. एण्ड मार्केटिङ्ग समूहमा आ.ज.तर्फ १ पद, अपाङ्ग तर्फ १ पद र खाद्य पोाषण तथा गुण नियन्त्रण समूहमा पिछडिएको क्षेत्रतर्फ १ पद रहेको छ, त्यस्तै वन सेवा तर्फ वोटानी समूहमा मधेशीतर्फ १ पदमा पदपूर्ति हुन सकेको पाइएन ।

| किसिम | कृषि सेवा | | वन सेवा | | शिक्षा सेवा | |
|---|---|---|---|---|---|---|
| | माग पद | सिफारिस | माग पद | सिफारिस | माग पद | सिफारिस |
| खुला | ६१ | ६१ | ३५ | ३५ | १५ | १५ |
| महिला | १३ | १३ | ११ | ११ | ४ | ४ |
| आ.ज. | १४ | १३ | ८ | ८ | ३ | ३ |
| मधेशी | ११ | ११ | ७ | ६ | ३ | ३ |
| दलित | ६ | ५ | २ | २ | १ | १ |
| अपाङ्ग | २ | १ | २ | २ | १ | १ |
| पि.क्षे. | ४ | ३ | १ | १ | १ | १ |
| जम्मा | १११ | १०७ | ६६ | ६५ | २८ | २८ |

**विज्ञापन देखि सिफारिससम्मको विस्तृत विवरण**

**यस त्रैमासिक अवधिमा विज्ञापन देखि सिफारिस सम्मको श्रेणी/तह अनुसारको संख्यात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :**

| श्रेणी/तह | विज्ञापित पद संख्या | | संकलन भएको दरखास्त संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार संख्या | | | सिफारिस भएका उम्मेदवार संख्या | | | वैकल्पिक सिफारिस भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| रा.प.प्रथम | १० | | १८६ | – | – | – | – | – | – | – | ० | ३ | ३ | – | – | – |
| रा.प.द्वितीय | ५७ | | ८६७ | – | – | – | – | – | – | – | २ | ६ | ८ | – | – | – |
| रा.प.तृतीय | ४०९ | १ | ९९६८ | १७३ | – | – | – | – | – | – | ६२ | १५१ | २१३ | २ | १८ | २० |
| रा.प.अनं.प्रथम | ३८३ | | ३०६५ | – | – | – | – | – | – | – | ५२ | १४३ | १९५ | १७ | ५९ | ७६ |
| रा.प.अनं.द्वितीय | – | – | – | – | – | – | – | – | – | – | ५१२ | १०५१ | १५६३ | १० | ७२ | ८२ |
| श्रेणीविहीन | – | – | – | – | – | – | – | – | – | – | – | – | – | ० | ३ | ३ |
| **जम्मा** | ८५९ | १ | १४०८६ | १७३ | – | – | – | – | – | – | ६२८ | १३५४ | १९८२ | २९ | १५२ | १८१ |

## ९. सुरक्षा निकाय तथा संगठित संस्थातर्फ

**पदपूर्तिका लागि सहमति प्रदान गरिएका पदहरुको विवरण**

**यस त्रैमासिक अवधिमा विभिन्न पदका लागि विज्ञापन प्रकाशन गर्न सहमति प्रदान गरिएका सुरक्षा निकाय र संगठित संस्था यस प्रकार रहेका छन् ।**

| क्र.सं. | सुरक्षा निकाय तथा संगठित संस्थाको नाम | सहमती प्रदान गरिएका जम्मा पद | | तहगत वर्गीकरण | |
|---|---|---|---|---|---|
| | | बढुवाबाट पूर्ति हुने | लिखित परीक्षाबाट पूर्ति हुने | अधिकृतस्तर | सहायकस्तर |
| १. | नेपाल बैंक लिमिटेड | १८६ | ५२० | १९७ | ५०९ |
| २. | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | १ | १ | १ | १ |
| ३. | राष्ट्रिय बिमा संस्थान | ४० | ३८ | ५५ | २३ |
| ४. | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ६ | ६ | ११ | १ |
| ५. | केन्द्रीय कानून पुस्तकालय | - | १ | १ | - |
| ६. | नेपाल खाद्य संस्थान | ३७ | ५८ | ५२ | ४३ |
| जम्मा | | २७० | ६२४ | ३१७ | ५७७ |

**लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको विवरण:**

यस त्रैमासिक अवधिमा आयोगबाट विभिन्न ९ वटा निकायका विभिन्न पदहरुको लिखित परीक्षा सञ्चालन भएको छ । उक्त परीक्षाहरुमा सम्मिलित परीक्षार्थीको निकायगत विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

| क्र.सं. | सुरक्षा निकाय तथा संगठित संस्थाको नाम | लिखित परीक्षाबाट सम्मिलित उम्मेदवारको संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १. | नेपाली सेना | २५७ | १२८६ | १५४३ |
| २. | नेपाल प्रहरी | १६० | १८०५ | १९६५ |
| ३. | सशस्त्र प्रहरी बल, नेपाल | २१ | ३४७ | ३६८ |
| ४. | नगर विकास कोष | २१४ | ४४२ | ६५६ |
| ५. | निक्षेप तथा कर्जा सुरक्षण कोष | ८० | ९६ | १७६ |
| ६. | राष्ट्रिय बिमा कम्पनी लिमिटेड | ३६१ | ४०८ | ७६९ |
| ७. | नेपाल आयल निगम लिमिटेड | ६६९ | १२९४ | १९६३ |
| ८. | नेपाल धितोपत्र बोर्ड | ४० | ९६ | १३६ |
| ९. | बिमा समिति | ११६ | २०२ | ३१८ |
| जम्मा | | १९१८ | ५९७६ | ७८९४ |

**लिखित नतिजा तयारी सम्बन्धी विवरण**

यस अवधिमा कूल १४५ वटा विज्ञापनका लागि ७९८ दक्ष/विज्ञ मनोनयन गरिएको छ। त्यस्तै, यस अवधिमा कूल १,०१,७८२ उत्तरपुस्तिका परीक्षण भएका छन्। जसको वर्गीकृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | विवरण | संख्या | जम्मा (प्रतिशत) |
|---|---|---|---|
| १. | विषयगत | ८३,८४६ | ८२.३८ |
| २. | OMR Sheet | ३,३८३ | ३.३२ |
| ३. | वस्तुगत | १४,५५३ | १४.३० |
| जम्मा | | १,०१,७८२ | १००.०० |

**लिखित परीक्षाको नतिजा सम्बन्धी विवरण**

यस अवधिमा संचालित लिखित परीक्षाहरुबाट देहायको संख्यामा उम्मेदवारहरु छनौट भएका छन् ।

| क्र.सं. | सुरक्षा निकाय तथा संगठित संस्थाको नाम | लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारको संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | नेपाली सेना | ५१ | ६१२ | ६६३ |
| २ | सशस्त्र प्रहरी बल, नेपाल | १२ | ३५४ | ३६६ |
| ३ | गोरखापत्र संस्थान | २९ | ३४ | ६३ |
| ४ | निक्षेप तथा कर्जा सुरक्षण कोष | १० | १५ | २५ |
| ५ | नेपाल आयल निगम | ७३ | २२७ | ३०० |
| ६ | नेपाल खाद्य संस्थान | १ | १ | २ |
| ७ | नेपाल नागरिक उड्डयन प्राधिकरण | ७ | १५ | २२ |
| ८ | नेपाल बैंक लि. | ५६३ | ३१८ | ८८१ |
| ९ | नेपाल राष्ट्र बैंक | ६३ | ९९ | १६२ |
| १० | नेपाल विद्युत प्राधिकरण | १४८ | ६१६ | ७६४ |
| ११ | राष्ट्रिय बिमा संस्थान | ३४ | ४५ | ७९ |
| १२ | रेडियो प्रसार सेवा विकास समिति | १३ | ३१ | ४४ |
| जम्मा | | १००४ | २३६७ | ३३७१ |

**श्रेणी/तहगत आधारमा**

लिखित परीक्षाबाट उत्तीर्ण उम्मेदवारको संख्यालाई श्रेणी/तहगत आधारमा तल प्रस्तुत गरिएको छ ।

| श्रेणी/तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| २ | २२ | ४ | २६ |
| ३ | ३२ | २१० | २४२ |
| ४ | ५६८ | ६४३ | १२११ |
| ५ | ८३ | २३३ | ३१६ |
| ६ | १८६ | १४८ | ३३४ |
| ७ | २३ | ४२ | ६५ |
| ८ | ४ | २४ | २८ |
| ९ | ३ | ९ | १२ |
| १० | ० | ७ | ७ |
| विहीन | १३ | ६६ | ७९ |
| उल्लेख नभएको | ७० | ९८१ | १०५१ |
| जम्मा | १००४ | २३६७ | ३३७१ |

## १०. विभागीय सजाय/परामर्श

**सामान्य सजाय**

विभागीय सजायकालागि विभिन्न निकायबाट सामान्य सजाय सम्बन्धी परामर्श माग भै आएकोमा आयोगबाट देहाय अनुसार निर्णयहरु भएका छन्।

| क्र.सं. | निर्णय मिति | कारबाहीको लागि परामर्श दिइएको व्यक्तिको पद र नाम | आयोगबाट भएको निर्णय |
|---|---|---|---|
| १ | २०७५-०७-१५ | सर्भेक्षक, राम बहादुर विष्ट | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| २ | २०७५-०७-१९ | उपसचिव, रामविनय कुमार सिंह | दुई तलबवृद्धि रोक्का गर्ने विभागीय सजाय गर्न परामर्श दिने । |
| ३ | २०७५-०७-१९ | उप नियन्त्रक, शुकदेव सापकोटा | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| ४ | २०७५-०७-१९ | हे.अ., फाजुङ्ग भोटे | दुई वर्ष बढुवा रोक्का गर्ने विभागीय सजाय गर्न परामर्श दिने । |
| ५ | २०७५-०७-१९ | हे.अ., पुष्कर कट्टेल | दुई वर्ष बढुवा रोक्का गर्ने विभागीय सजाय गर्न परामर्श दिने । |
| ६ | २०७५-०८-०३ | नायब सुब्बा, टंक बहादुर श्रेष्ठ | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| ७ | २०७५-०८-०३ | जि.शि.अ., अरविन्दलाल कर्ण | दुई तलबवृद्धि रोक्का गर्न विभागीय सजाय गर्न परामर्श दिने । |
| ८ | २०७५-०८-१४ | स.व.अ., डवल बहादुर बोहोरा | दुई तलव वृद्धि रोक्का गर्न विभागीय सजाय गर्न परामर्श दिने । |
| ९ | २०७५-०९-३० | कार्यालय सहायक, प्रभुलाल साह कानु | दुई वर्ष बढुवा रोक्का गर्न विभागीय सजाय गर्न परामर्श दिने । |

उक्त निर्णयको वर्गीकृत सारांश देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | सामान्य सजायको प्रकार | कारवाही गरिएका व्यक्तिको संख्या |
|---|---|---|
| १. | नसिहत | ३ |
| २. | बढुवा रोक्का | ३ |
| ३. | तलब वृद्धि रोक्का | ३ |
| | जम्मा | ९ |

**विशेष सजाय**

कर्मचारीहरुलाई सेवाबाट हटाउने तथा सेवाबाट बर्खास्त गर्ने सम्बन्धमा विभिन्न निकायबाट परामर्श माग भै आएकोमा आयोगबाट देहाय बमोजिम निर्णयहरु भएका छन् ।

| क्र.सं. | निर्णय मिति | कारबाहीको लागि परामर्श दिइएको व्यक्तिको नाम र ठेगाना | आयोगबाट भएको निर्णय |
|---|---|---|---|
| १. | २०७५-०७-१५ | प्रशिक्षक, नविन कुमार सिंह | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने |
| २. | २०७५-०७-१५ | प्रशिक्षक, मदन नाथ | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने |
| ३. | २०७५-०८-१४ | सिनियर डिभिजन हाइड्रोलोजिष्ट, विजय कुमार पोखरेल | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेबाबाट हटाउने |
| ४. | २०७५-०९-०२ | सिनियर डिभिजन ईन्जिनियर, हरिचरण घिमिरे | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेबाबाट हटाउने |
| ५. | २०७५-०९-०२ | सहायक संरक्षण अधिकृत, बाबुराम भट्टराई | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेबाबाट हटाउने |
| ६. | २०७५-०९-२३ | वागवानी विकास अधिकृत, सुरज राज पौडेल | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेबाबाट हटाउने |

विशेष सजाय सम्बन्धी परामर्शको वर्गीकृत सारांश तालिका

| क्र.सं. | विशेष सजायको प्रकार | कारबाही गरिएको व्यक्तिको संख्या |
|---|---|---|
| १. | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरि सेवाबाट हटाउने | ६ |
| २. | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरि सेवाबाट हटाउने | ० |
| | जम्मा | ६ |

विभागीय सजायकालागि परामर्शप्रदान गरिएको लैङ्गिक र तहगत वर्गीकरण :

| क्र.सं. | श्रेणी / तह | सामान्य सजाय | | विशेष सजाय | | जम्मा परामर्श संख्या |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | |
| १. | राजपत्राङ्कित द्वितीय | - | ३ | - | २ | ५ |
| २. | राजपत्राङ्कित तृतीय | - | १ | - | ४ | ५ |
| ३. | रा.प.अनं.प्रथम | - | २ | - | - | २ |
| ४. | स्वास्थ्य, पाँचौ | - | २ | - | - | २ |
| ५. | श्रेणीविहीन | - | १ | - | - | १ |
| | जम्मा | - | ९ | - | ६ | १५ |

**परामर्श सम्बन्धी विवरण**

यस त्रैमासिक अवधिमा आयोगबाट कर्मचारी सेवा शर्त सम्बन्धी कानून लगायतका विषयमा प्रदान गरिएका परामर्शहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | निर्णय मिति | आयोगबाट प्रदान गरिएको परामर्श |
|---|---|---|
| १. | २०७५-०७-०८ | काठमाडौं उपत्यका खानेपानी लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६४(नवौं संशोधन-२०७५) को मस्यौदामा परामर्श प्रदान गरिएको । |
| २. | २०७५-०७-०८ | राष्ट्रि बिमा संस्थान, कर्मचारी विनियमावली, २०७५ को मस्यौदामा परामर्श प्रदान गरिएको । |
| ३. | २०७५-०७-१५ | राष्ट्रिय वाणिज्य बैंकको कर्मचारी सेवा विनियमावली, २०७० (चौथो संशोधन, २०७५) को मस्यौदामा परामर्श प्रदान गरिएको । |
| ४. | २०७५-०८-०६ | कर्मचारी समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७५ को मस्यौदामा परामर्श प्रदान गरिएको । |
| ५. | २०७५-०९-१९ | सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेड कर्मचारी सेवा शर्त विनियमावली, २०७५ को मस्यौदामा परामर्श प्रदान गरिएको । |
| ६. | २०७५-०८-१० | नेपाल खाद्य संस्थान, (कार्य सञ्चालन तथा कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी) (दोस्रो संशोधन) विनियमावली, २०७५ को मस्यौदामा परामर्श प्रदान गरिएको । |

| क्र.सं. | निर्णय मिति | आयोगबाट प्रदान गरिएको परामर्श |
|---|---|---|
| ७. | २०७५-०८-२७ | प्रहरी समायोजन अध्यादेश, २०७५ मा परामर्श प्रदान गरिएको । |
| ८. | २०७५-०८-२७ | निजामती कर्मचारी अस्पताल कर्मचारीहरुको सेवाका शर्त र सुविधा (दोस्रो संशोधन) विनियमावली, २०७४ को सम्बन्धमा परामर्श प्रदान गरिएको । |
| ९. | २०७५-०८-२१ | नेपाल विद्युत प्राधिकरणको कर्मचारी सेवा विनियमावली, २०७५ को मस्यौदामा परामर्श प्रदान गरिएको । |
| १०. | २०७५-०९-१९ | प्रहरी (छैठौं संशोधन) नियमावली, २०७५ मा परामर्श प्रदान गरिएको । |
| ११. | २०७५-०८-१९ | पाथीभरा क्षेत्र विकास समितिको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०७५ को मस्यौदामा परामर्श प्रदान गरिएको । |
| १२. | २०७५-०८-१६ | कृषि सामग्री कम्पनी लिमिटेड कर्मचारी प्रशासन (छैठौं संशोधन) विनियमावली, २०७५ को मस्यौदामा परामर्श प्रदान गरिएको । |
| १३. | २०७५-०८-२४ | नेपाल स्टक एक्सचेञ्ज लिमिटेड कर्मचारी सेवा शर्त विनियमावली, २०७३ (दोस्रो संशोधन) को मस्यौदमा परामर्श प्रदान गरिएको । |
| १४. | २०७५-०९-३० | नेपाल वायु सेवा निगमका कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियमावली, २०५८ को संशोधित मस्यौदामा परामर्श प्रदान गरिएको । |
| १५. | २०७५-०८-२७ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कर्मचारी सेवा नियमावली, २०७२ मा परामर्श प्रदान गरिएको । |

## ११. परीक्षामा अनियमितता गर्ने उपर आयोगबाट गरिएको कारबाही

तपसिलका परीक्षा केन्द्रबाट सम्मिलित भएका देहाय अनुसारका उम्मेदवारहरुले लोक सेवा आयोग ऐन, २०६६ र आयोगको (कार्यसञ्चालन) निर्देशिका, २०६७ अनुसार परीक्षामा अनियमितता गरेको पाइएकोले देहाय बमोजिम कारबाही गर्ने गरी आयोगबाट निर्णय भएको छ ।

| क्र.सं. | विज्ञापन नं | रोल नं | परीक्षा केन्द्र | उम्मेदवारको नाम रठेगाना | बुबा/आमाको नाम | बाजेको नाम | परीक्षा मिति | अनियमित कार्यको विवरण | कारबाहीको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ७/०७५-७६ | १०१२० | काठमाडौं | बलबहादुर चन्द घेतमा - २, रुकुम | धरु/सपना | गोर्खु | २०७५/०८/२९ | आफ्नो उत्तरपुस्तिकामा दिनेश कुमार मल्लको नाम, रोल नं. लेखि सच्याएको । | निजको परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने । | |
| २. | ७/०७५-७६ | १०११९ | काठमाडौं | दिनेशकुमार मल्ल घेतमा-३, रुकुम | सर्पु/तुलसा | लालु | २०७५/०८/२९ | आफ्नोउत्तरपुस्तिकामा बलबहादुर चन्दको नाम, रोल नं. लेखि सच्याएको । | निजको परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने । | |
| ३. | ७/०७५-७६ | ६३१५७ | सुर्खेत | मान बुढा चौकुने गा.पा.-१, सुर्खेत | हरिचन्द्र/ धनसरी | असौजे | २०७५/०८/२९ | आपसी सहमतिमा उत्तर पुस्तिकामा नाम सच्याई एक अर्काको सिटमा बसेको र परीक्षा सम्पन्न भए पछि पुन: नाम सच्याउन अनुरोध गरेको । | निजको परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने । | |
| ४. | ७/०७५-७६ | ६३१५९ | सुर्खेत | तेज बहादुर बुढा चौकुने गा.पा.-१, सुर्खेत | हरिचन्द्र/ धनसरी | असौजे | २०७५/०८/२९ | आपसी सहमतिमा उत्तर पुस्तिकामा नाम सच्याई एक अर्काको सिटमा बसेको र परीक्षा सम्पन्न भए पछि पुन: नाम सच्याउन अनुरोध गरेको । | निजको परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने । | |
| ५. | ७/०७५-७६ | ६३०४३ | सुर्खेत | नरेन्द्र अधिकारी गेला - ९, कालिकोट | शिवचन्द्र/पुता | नन्द प्रसाद | २०७५/०८/२९ | परीक्षा हलमा मोबाइल फोन प्रयोग गरेको । | निजको परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा २ (दुई) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने । | |
| ६. | १३/०७४-७५ | ३५५० | काठमाडौं | अनिल थारु, ठाकूर बाबा न.पा.-५, बर्दिया | सन्तराम/ | पञ्चराम | २०७४/०९/०८ | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरेको । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |

| क्र.सं. | विज्ञापन नं | रोल नं | परीक्षा केन्द्र | उम्मेदवारको नाम रठेगाना | बुबा/आमाको नाम | बाजेको नाम | परीक्षा मिति | अनियमित कार्यको विवरण | कारबाहीको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | ०७४/७५-४२ | ४२ | काठमाडौं | एकेन्द्र चन्द, भिमदत्त न.पा.७, कञ्चनपुर | राम/ | गणेश | २०७४/१२/१० | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरे को । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |
| ८. | ०७३/७४-२४ | ८६ | काठमाडौं | सरोज थारु, ढेढकला-९, काकौरा, बर्दिया | भेलो/ | जुगराम | २०७३/०८/२५ | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरेको । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |
| ९. | ०७३/७४-२४ | ७० | काठमाडौं | हरिबहादुर बुढा, मोतिपुर-७, बर्दिया | प्रेमबहादुर/ | विर सिंह | २०७३/०८/२५ | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरेको । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |
| १०. | ०७३/७४-२४ | ९१ | काठमाडौं | भरत बुढा मगर, बाँसगढी न.पा.-४, बर्दिया | देवबहादुर/ | राम | २०७३/०८/२५ | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरेको । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |
| ११. | ०७३/७४-२४ | ९३ | काठमाडौं | सन्तोष बुढा, जुगाथापाचौर-६, जाजरकोट | थमाने/ | उमा | २०७३/०८/२५ | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरेको । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |
| १२. | ०७३/७४-२४ | ८८ | काठमाडौं | कृष्णबहादुर बुढा, रामघाट-९, सुर्खेत | अमर सिं/ | गोरे | २०७३/०८/२५ | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरेको । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |
| १३. | ०७४/७५-४२ | ८९ | काठमाडौं | निराजन कुमार सिंह, माहाबै गा.पा.-४, कालिकोट | कलबहादुर/ | वौद | २०७४/१२/१० | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरेको । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |
| १४. | ०७४/७५-४२ | ८५ | काठमाडौं | हेमराज शाही, बैदी गा.पा.-४, तनहुँ | रणबहादुर/ | श्रीनाथ | २०७४/१२/१० | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरेको । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |
| १५. | ०७४/७५-४२ | ११० | काठमाडौं | गणेश शाही, खजुरा-६, बाँके | बिनोद/ | लोक | २०७४/१२/१० | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरेको । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |
| १६. | ०७५/७६-४२ | १०१ | काठमाडौं | झक बहादुर डाँगी, बाँसगढी न.पा.-५, बर्दिया | रामबहादुर/ | टंकबहादुर | २०७४/१२/१० | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरेको । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |
| १७. | ०७५/७६-४२ | ९२ | काठमाडौं | सुदन बहादुर घर्ति मगर, बाँसगढी न.पा.५, बर्दिया | जितबहादुर/ | निमवहादुर | २०७४/१२/१० | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरेको । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |
| १८. | ०७५/७६-४२ | ९७ | काठमाडौं | विष्णु महतारा, बाँसगढी न.पा.९, बर्दिया | कदरसिंह/ | नन्ने | २०७४/१२/१० | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरेको । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |

| क्र.सं. | विज्ञापन नं | रोल नं | परीक्षा केन्द्र | उम्मेदवारको नाम रठेगाना | बुबा/आमाको नाम | बाजेको नाम | परीक्षा मिति | अनियमित कार्यको विवरण | कारबाहीको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९. | ०७५/७६-१७ | १२५ | काठमाडौं | राजन परियार, बाँसगढी न.पा.-९, बर्दिया | चित्रबहादुर/ | झुपे | २०७४/०४/०८ | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरेको । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |
| २०. | ०७५/७६-१७ | १४३ | काठमाडौं | जिवन श्रेष्ठ, मैनापोखरी-१, बर्दिया | कमल/ | कृष्ण | २०७४/०४/०८ | आफू स्वयं परीक्षामा उपस्थित नभई अन्य व्यक्ति मार्फत परीक्षा दिन लगाएको तथा सो बापत रकम लेनदेन समेत गरेको । | निजको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा ५ (पाँच) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गरिएको । | सैन्य ड्राइभर |

सि.नं. ६ देखि २० सम्मका उम्मेदवारलाई प्रचलित कानून बमोजिम कारबाही चलाउन नेपाली सेना, जंगी अड्डामा लेखि पठाउने तथा निजहरुका नाममा नक्कली परीक्षार्थी बनी परीक्षा दिने व्यक्तिहरुलाई प्रचलित कानून बमोजिम अनुसन्धान गरी कारबाही अगाडि बढाउन नेपाल प्रहरीलाई लेखि पठाउन आयोगबाट मिति २०७५/०७/१५ मा निर्णय भएको छ ।

परीक्षामा अनियमितता गर्ने उम्मेदवारको लैङ्गिक तथ्याङ्क यस प्रकार रहेको छ ।

| क्र.सं. | लिङ्ग | संख्या |
|---|---|---|
| १ | महिला | ० |
| २ | पुरुष | २० |
| जम्मा | | २० |

## १२. महत्वपूर्ण निर्णयहरु

- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०६/२८ को निर्णयबाट आयोगमा अनुरोध भई आए अनुसार निजामती सेवातर्फ राजपत्रांकित तथा राजपत्र अनंकित विभिन्न पदहरुको आ.व. २०७५/०७६ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका संशोधन गरी नेपाल सरकारलाई जानकारी दिने । (निर्णय नं. १०६, मिति २०७५/०७/०८)
- आगामी दिनमा विज्ञापन हुनुपूर्व वस्तुगत बहुउत्तरको गलत उत्तरको २० प्रतिशत अङ्क कट्टा हुने व्यवस्था पाठ्यक्रम, नियमावली, कार्यविधि तथा सूचनामा नै समावेश गर्ने व्यवस्था गर्न सबै सुरक्षा निकाय र संगठित संस्थालाई जानकारी गराउने । (निर्णय नं. ११६, मिति, २०७५/०७/१५)
- नेपाल इञ्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, रा.प.अनं.द्वितीय श्रेणी, इलेक्ट्रिसियन पदको लागि तोकिएको योग्यता “मान्यता प्राप्त शिक्षण संस्थाबाट टि.एस.एल.सी.(अटो इलेक्ट्रिकल वा जनरल इलेक्ट्रिकल) वा सो सरह उत्तीर्ण” रहेको तथा उक्त सेवा समूहको माथिल्लो रा.प.अनं.प्रथम श्रेणी, सिनियर इलेक्ट्रिसियन पदको लागि तोकिएको योग्यता “मान्यता प्राप्त शिक्षण संस्थाबाट अटो इलेक्ट्रिकल वा जनरल इलेक्ट्रिकल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा डिप्लोमा तह वा सो सरह उत्तीर्ण” रहेको हुँदा Diploma in Automobile Engineering को योग्यता, नेपाल इञ्जिनियरिङ्ग सेवा मेकानिकल समूह, नि.उ.स. उपसमूहको उल्लेखित पदको न्यूनतम योग्यतामा तोकिएको अटो इलेक्ट्रिकल इञ्जिनियरिङ्ग विषयसँग प्रत्यक्ष सम्बन्धित रहेको नदेखिएको हुँदा सो योग्यतालाई न्यूनतम योग्यताको रुपमा मान्न नसकिने । (निर्णय नं. १२२, मिति २०७५/०७/१९)
- निजामती सेवाका विभिन्न सेवा, समूह, उपसमूहका रा.प.अनं. प्रथम श्रेणीका पदहरुमा सेवा प्रवेशको लागि सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण तोकिएको हकमा हाल माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा (S.L.C.E.) कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एवम् प्रयोगात्मक) मा न्यूनतम D+ र C.G.P.A. 1.6 (Cumulative Grade Points Average) रहेको शैक्षिक प्रमाणपत्रहरुलाई मान्यता दिने । (निर्णय नं. १४५, मिति २०७५/०८/१४)
- सर्वोच्च अदालतको प्रतिपादित सिद्धान्त बमोजिम MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) अध्ययन गर्दाको अवधिलाई समेत अनुभव अवधिको रुपमा गणना गर्ने । (निर्णय नं. १५१, मिति २०७५/०९/०९)

## १३. कर्मचारी व्यवस्थापन

### *(१) सरुवा*

(क) अन्य निकायबाट आयोग वा अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा गर्ने निकाय | पदस्थापना गरिएको निकाय | सरुवा निर्णय मिति | आयोगमा पदस्थापना भएको मिति |
|---|---|---|---|---|---|---|
| १. | सहसचिव | रामकृष्ण गुरागाईं | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग जलेश्वर कार्यालय | २०७५/०७/०९ | २०७५/०७/१२ |
| २. | सह सचिव | पुष्करराज पन्त | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग बुटबल कार्यालय | २०७५/०७/०९ | २०७५/०७/१२ |
| ३. | शाखा अधिकृत | प्रेम नारायण पन्थी | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग सुर्खेत कार्यालय | २०७५/०८/०९ | २०७५/०८/२८ |
| ४. | शाखा अधिकृत | टेकेन्द्र अधिकारी | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, दिपायल कार्यालय | २०७५/०६/२६ | २०७५/०९/२३ |
| ५. | लेखा अधिकृत | जितेन्द्र गिरी | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | २०७५/०६/१२ | २०७५/०८/२४ |
| ६. | शाखा अधिकृत | दिपेश कुमार झा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, जलेश्वर कार्यालय | २०७५/०८/०५ | २०७५/०८/१६ |
| ७. | कम्प्युटर अपरेटर | धन बहादुर डाँगी | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, दाङ कार्यालय | २०७५/०६/२६ | २०७५/०७/०५ |
| ८. | नायब सुब्बा | इन्द्र बहादुर श्रेष्ठ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, सुर्खेत कार्यालय | २०७५/०८/०९ | २०७५/०८/२७ |
| ९. | पुस्तकालय सहायक | बिरेन्द्र कुमार यादव | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | २०७५/०८/२० | २०७५/०८/२४ |
| १०. | लेखापाल | श्याम थापा विजय | महालेखा नियन्त्रक कार्यालय | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | २०७५/०६/१२ | २०७५/०९/०१ |
| ११. | नायब सुब्बा | लोमस आचार्य | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | २०७५/०८/२० | २०७५/०९/१७ |
| १२. | कम्प्युटर अपरेटर | केशव बस्याल | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | २०७५/०७/१६ | २०७५/०८/१४ |
| १३. | नायब सुब्बा | रमेश निरौला | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, जलेश्वर कार्यालय | २०७५/०६/२६ | २०७५/०७/२० |
| १४. | नायब सुब्बा | नबिन गुरागाई | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, जलेश्वर कार्यालय | २०७५/०६/२६ | २०७५/०७/२० |
| १५. | कम्प्युटर अपरेटर | रामकृष्ण श्रेष्ठ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, बाग्लुङ कार्यालय | २०७५/०६/२६ | २०७५/०७/०९ |
| १६. | कार्यालय सहयोगी | पूर्ण बहादुर रामजाली | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, दिपायल कार्यालय | | २०७५/०८/१४ |
| १७. | कार्यालय सहयोगी | चित्र कुमार सुवाल | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, धनकुटा कार्यालय | | २०७५/०८/१४ |

(ख) आयोगबाट आन्तरिक सरुवा तथा पदस्थापना :

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | साविक कार्यरत निकाय | पदस्थापना गरिएको निकाय | सरुवा निर्णय मिति |
|---|---|---|---|---|---|
| १. | शाखा अधिकृत | विष्णु पौडेल | लोक सेवा आयोग, दिपायल कार्यालय | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | २०७५/०८/११ |

(ग) आयोगबाट अन्यत्र निकायमा सरुवा सम्बन्धी विवरण

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा भएको निकाय | निर्णय मिति | रमाना मिति |
|---|---|---|---|---|---|
| १. | उपसचिव | अनिलराज शर्मा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५/०७/२८ | |
| २. | लेखा अधिकृत | राजकुमार श्रेष्ठ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, काठमाडौं | २०७५/०६/१२ | २०७५/०८/२६ |
| ३. | लेखापाल | सूर्य प्रसाद शर्मा | यातायात व्यवस्था कार्यालय, मोटरसाइकल, गुर्जुधारा | २०७५/०६/१२ | २०७५/०९/३० |
| ४. | हलुका सवारी चालक | कृष्ण बहादुर चौधरी | भैरहवा भन्सार कार्यालय, रूपन्देही | २०७५/०८/२३ | २०७५/१०/०४ |

### *(२) पदोन्नति*

| क्र.सं. | साविक | श्रेणी | कर्मचारीको नाम, थर | निर्णय मिति | रमाना मिति |
|---|---|---|---|---|---|
| १. | कम्प्युटर अपरेटर | गोकर्ण प्रसाद अर्याल | सर्लाही जिल्ला अदालत | २०७५/०८/१३ | २०७५/०७/०४ |
| २. | पुस्तकालय सहायक | अमृता अधिकारी | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७५/०८/१८ | २०७५/०८/१८ |

### *(३) अवकाश*

| क्र.सं. | पद | श्रेणी | कर्मचारीको नाम, थर | अवकास मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | अफसेट प्रेस सुपरभाइजर | रा.प.तृतीय | रमेश शाक्य | २०७५/१०/११ | अनिवार्य अवकाश |
| २. | शाखा अधिकृत | रा.प.तृतीय | श्यामसुन्दर श्रेष्ठ | २०७५/०८/१४ | अनिवार्य अवकाश |
| ३. | टा.ना.सु. | रा.प.अनं. प्रथम | कल्याणी खड्का सिंह | २०७५/१०/०१ | स्वेच्छिक अवकाश |

### (४) समवेदना

लोक सेवा आयोग, खोटाङ कार्यालयका नायब सुब्बा श्री शम्भु कुमार खड्काको मिति २०७५/०७/३० मा सरकारी कामको सिलसिलामा दुर्घटनामा परी मृत्यु भएकोमा समवेदना व्यक्त गरियो ।

### (५) आयोगका पदाधिकारी, कर्मचारीहरुको तालिम/सेमिनार/गोष्ठी

| क्र.सं. | पद | नाम, थर | तालिम/सेमिनारको विषय | तालिम दिने संस्था | तालिम/सेमिनारको अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| १. | कम्प्युटर अपरेटर | शरद पुरी | ३० कार्य दिने कार्यालय व्यवस्थापन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७५/०८/२१ | २०७५/०९/२६ |
| २. | नायब सुब्बा | शिवहरी ज्ञवाली | ३० कार्य दिने कार्यालय व्यवस्थापन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७५/०८/२१ | २०७५/०९/२६ |
| ३. | कम्प्युटर अपरेटर | बेद प्रसाद सुवेदी | ३० कार्य दिने कार्यालय व्यवस्थापन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७५/०८/२१ | २०७५/०९/२६ |
| ४. | कम्प्युटर अपरेटर | कुमार जोशी | ३० कार्य दिने कार्यालय व्यवस्थापन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७५/०८/२१ | २०७५/०९/२६ |
| ५. | सिनियर कम्पोजिटर | भाष्कर पौडेल | ३० कार्य दिने कार्यालय व्यवस्थापन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७५/०८/२१ | २०७५/०९/२६ |
| ६. | सिनियर प्लेट मेकर | निर्मला डंगोल | ३० कार्य दिने कार्यालय व्यवस्थापन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७५/०८/२१ | २०७५/०९/२६ |
| ७. | कम्प्युटर अपरेटर | सुनिता रोका | ३० कार्य दिने कार्यालय व्यवस्थापन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७५/०८/२१ | २०७५/०९/२६ |
| ८. | कम्प्युटर अपरेटर | प्रतिज्ञा लामा | ३० कार्य दिने कार्यालय व्यवस्थापन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७५/०८/२१ | २०७५/०९/२६ |
| ९. | नायब सुब्बा | हेमनाथ चम्लागाई | ३० कार्य दिने कार्यालय व्यवस्थापन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७५/०८/२१ | २०७५/०९/२६ |
| १०. | नायब सुब्बा | जिवनाथ भण्डारी | ३० कार्य दिने कार्यालय व्यवस्थापन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७५/०८/२१ | २०७५/०९/२६ |
| ११. | नायब सुब्बा | रोशन ओझा | ३० कार्य दिने कार्यालय व्यवस्थापन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७५/०८/२१ | २०७५/०९/२६ |

## (१४) बजेट खर्च

यस त्रैमासिक अवधिमा आयोगको कार्यसम्पादनका लागि भएको खर्चको अवस्था यस प्रकार रहेको छ ।

| क्र.सं. | बजेट उपशीर्षक नं. | २०७५श्रावण देखि २०७५ असोज मसान्त सम्मको खर्च | रकम (रु.) |
|---|---|---|---|
| (क) पुँजीगत खर्च | | | |
| १. | २१००११४ | पुँजीगत खर्च | १२,७६,०६३ |
| (ख) चालु खर्च | | | |
| १. | २१००११३ | विविध खर्च | ३,२४,३०,५४६ |
| २. | २१००११३ | अन्य प्रशासनिक खर्च | २,६९,९०,५९० |
| जम्मा | | | ५,९४,२१,१३६ |
| कूल जम्मा खर्च (क + ख) | | | ६,०६,९७,१९९ |

# अन्तर्वार्ता

लोक सेवा आयोगबाट आ.व. ०७४/७५ मा खुला तर्फ रा.प. तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरहको पदमा लिइएको परीक्षामा नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह तर्फ प्रथम स्थान प्राप्त गर्न सफल हुनु भएका श्री कृष्णप्रसाद पराजुलीसँग गरिएको अन्तर्वार्ता :



१. ***नेपाल प्रशासन सेवातर्फ शाखा अधिकृत पदमा प्रतिस्पर्धाबाट छनौट भई कार्यभार समेत सम्हाल्नु भएकोमा बधाई छ । प्रतियोगितात्मक परीक्षाबाट सफल हुन के-कस्ता विषयवस्तुहरु अध्ययन गर्नुपर्ने र उत्तर लेख्दा कस्ता कुराहरुलाई महत्व दिनुपर्ने रहेछ ? आफ्नो अनुभवका आधारमा लोक सेवा तयारीमा संलग्न रहेका उम्मेदवारहरुलाई कस्तो सुझाव दिनुहुन्छ ?***

सर्वप्रथम बधाईका लागि धन्यवाद । लोक सेवा आयोगबाट लिईने परीक्षा नेपालको सर्वाधिक ठूलो प्रतिस्पर्धात्मक परीक्षा हो । नियमित अध्ययन गर्ने, सिर्जनशील हुने र अलिकति मेहनत गर्ने हो भने यो प्रतियोगितात्मक परीक्षामा सफल हुन गाह्रो छैन । तर, परीक्षामा कस्ता विषयवस्तु पढ्ने र उत्तर कसरी लेख्ने भन्ने कुराले सफलता वा असफलता निर्धारण गर्छ । सफल हुनको लागी विषयवस्तु चयन गर्दा सर्वप्रथम आफुले कुन पदको लागी जाँच दिने हो निर्णय गर्ने र त्यसको पाठ्यक्रम के छ ? त्यसको राम्ररी अध्ययन गर्नुपर्छ । सबै पाठ्यक्रमलाई समेट्ने गरि लेखिएका पाठ्यसामग्रीहरु बजारबाट आफूले छनौट गर्नुपर्छ । बजारमा पाईने exam point of view अनुसार तयार पारिएका र प्रश्नोत्तर प्रकृतिका पाठ्यसामग्रीहरु भन्दा पनि पाठ्यक्रमलाई समेटेका फराकिला पुस्तकहरु अध्ययन गर्नु राम्रो हुन्छ । साथै, सन्दर्भसामग्रीको रुपमा नेपाल सरकारका आधिकारिक दस्तावेज, प्रतिवेदनहरु, आवधिक योजना, वार्षिक बजेट, नीति तथा कार्यक्रम, विभिन्न तथ्याङ्क इत्यादिको अध्ययन गर्नुपर्छ । त्यस्तै, पत्रपत्रिका वा अन्य सञ्चार माध्यममा आउने विषयवस्तुसँग मेल खाने लेख रचना तथा बिचारलाई अध्ययन गर्ने हो भने अध्ययनको दायरा फराकिलो हुन्छ र जस्तोसुकै प्रश्नको समाधान गर्न सकिन्छ । सकेसम्म आफुले नोट तयार गर्नु पर्छ । मेरो कुरा गर्ने हो भने मैले बजारमा आएका कुनै पनि किताब पढेको होईन । धेरै सन्दर्भ सामग्रीलाई मिलाएर आफ्नै नोट तयार गरी पढेको हुँ । सफल हुनको लागी पुराना प्रश्नहरु घरमै निश्चित समय मिलाएर हल गर्ने बानी गर्नुपर्छ । यस्तो कार्यले परीक्षामा लेख्दा आफ्नो कन्फिडेन्स लेभल बढेर जान्छ, लेख्ने शैलीको विकास हुन्छ र समय व्यवस्थापन गर्न सकिन्छ । परीक्षामा लेख्दा निम्न कुरालाई ध्यान दिनुपर्छ:

- ✓ उत्तर सिर्जनात्मक र मौलिक हुनुपर्छ ।
- ✓ प्रश्न राम्ररी बुझेर मागेको कुरा मात्र लेख्नुपर्छ । अनावश्यक गफ लेख्नु हुँदैन ।
- ✓ दोहोरो अर्थ लाग्ने र अनावश्यक साहित्यिक शब्दको प्रयोग गर्नु हुँदैन । सरल, छोटा र आकर्षक वाक्यहरुको प्रयोग गर्नुपर्छ ।
- ✓ प्रश्नलाई पुष्टि गर्ने खालका तथ्य, तथ्याङ्क तथा उदाहरण समेत दिएर उत्तर लेख्नुपर्छ ।
- ✓ सबै प्रश्नको समाधान गर्ने प्रयास गर्नुपर्छ । आफूले जानेको प्रश्नको उत्तर बढि लेख्ने तर आफुलाई नआउने प्रश्नको उत्तर नै नलेख्ने गर्नु हुँदैन । नआउने प्रश्न भएपनि सो बारेमा केही न केही लेख्नु पर्छ । समय तोकेर सबै प्रश्नलाई उत्तिकै महत्व दिएर उत्तर लेख्नुपर्छ ।
- ✓ उत्तर लेख्दा प्रत्येक प्रश्नलाई तीन खण्डमा छुट्टाएर लेख्नुपर्छ । परिचय खण्डमा प्रश्नको विषयवस्तुको बारेमा संक्षिप्त परिचय आकर्षक ढङ्गले दिनुपर्छ । दोश्रो खण्ड व्याख्यात्मक खण्ड हो । यसमा प्रश्नले मागेको खास विषयलाई व्याख्या गर्नुपर्छ । व्याख्या बुँदागत रूपमा वा प्याराग्राफगत जुनसुकै रुपमा गर्न सकिन्छ । अन्तिममा निष्कर्ष खण्ड लेख्नुपर्छ । निष्कर्ष, सकारात्मक र चोटिलो हुनु आवश्यक छ ।
- ✓ उत्तर सिलसिलेवार हुनुपर्छ । परिचयमा लेख्नुपर्ने कुरालाई निष्कर्षमा वा निष्कर्षमा लेख्नुपर्ने कुरालाई परिचयमा लेख्नु हुँदैन ।
- ✓ कुनै पनि प्रश्नको नकारात्मक तरिकाले उत्तर दिनु हुँदैन । प्रश्नको प्रकृतिनै नकारात्मक छ भने पनि आफूले त्यसमा चलाखी देखाउन सक्नुपर्छ । उत्तर सकारात्मक ढङ्गले प्रस्तुत गर्नुपर्छ ।

मेरो अनुभवको आधारमा उल्लेखित विषयहरुलाई ध्यान दिने हो भने लोक सेवाको परीक्षामा सफल हुन सकिन्छ । लोक सेवा तयारी गरिरहनु भएका तमाम उम्मेदवारहरुलाई म यिनै सुझावहरु दिन चाहान्छु ।

२. ***निजामती सेवामा उत्कृष्ट कर्मचारीहरु आउछन् तर सार्वजनिक सेवाप्रवाहमा सुधार हुन सकेको छैन भन्ने जनगुनासो सुनिने गरेको छ । सार्वजनिक सेवाप्रवाहमा सुधार ल्याउन के कस्ता कार्यमा परिवर्तन ल्याउनु पर्ने आवश्यकता महसुस गर्नु भएको छ ?***

हजारौं प्रतिस्पर्धीहरुमध्येबाट आफ्नो क्षमता र योग्यता प्रदर्शन गरी सेवा प्रवेश गर्ने कर्मचारीहरु उत्कृष्ट हुन्छन् भन्ने कुरामा दुईमत छैन । उत्कृष्ट कर्मचारीहरु हुँदाहुँदै पनि सार्वजनिक सेवा प्रवाहमा सुधार हुन नसकेको पनि सत्य नै हो । हालैका दिनहरुमा सेवाप्रवाहमा केही सुधार हुँदै गएको भएतापनि जनगुनासो भने सेवाप्रवाह प्रभावकारी नभएको भन्ने नै देखिन्छ । सेवाप्रवाहमा सुधार ल्याई सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त र मितव्ययी बनाई आम जनताको नजरमा उत्कृष्ट सेवाको रुपमा स्थापित हुनु आजको आवश्यकता हो । मेरो बिचारमा सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन कर्मचारी स्वयम्को व्यवहार र आचरणमा सुधार गर्नुपर्छ । कर्मचारीहरुले नैतिकता, अनुशासन, सदाचारिता, पारदर्शिता र इमान्दारिताको स्वयम पालना गर्नुपर्छ । सिर्जनात्मक ढङ्गले काम गर्ने, मुस्कान सहितको सेवा प्रदान गर्ने, सेवाग्राहीलाई सम्मान गर्ने, कसैलाई भेदभाव नगर्ने, आफू जनताको करबाट तलब खाएर उनीहरुलाई सेवा गर्न बसेको सेवक हुँ भन्ने भावनाको विकास गर्ने, सेवाग्राहीका कुरा ध्यान दिएर सुन्ने भावना प्रत्येक कर्मचारीमा हुनुपर्छ । कार्यसंस्कृतिमा परिवर्तन गर्नुपर्छ । कार्यालय समयमा अनावश्यक गफ गर्ने, नागरिकको

गुनासोलाई वेवास्ता गर्ने, बढी प्रक्रियामुखी हुने जस्ता कार्यमा परिवर्तन ल्याउनु पर्छ । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिनुपर्छ । राज्यको चाहना भन्दापनि जनताको आवश्यकता अनुसार सेवा प्रवाह गर्नुपर्छ। बढि काम हुने कार्यालयहरुमा कार्यालय समय लचकदार हुनुपर्छ । बिहान ६ बजे देखि बेलुका ८ बजेसम्म कार्यालय समय निर्धारण गरि सेवाग्राहीलाई चाहेको बखत सेवा लिन जान सक्ने र कर्मचारी पनि सिफ्ट प्रणाली अनुसार चाहेको बखत अफिस जान सक्ने वातावरण मिलाउनुपर्छ । यसबाट कर्मचारी अनुपस्थित हुने दर घट्छ भने बढि काम गर्ने कर्मचारीले बढी सुविधा पाउँछ। कर्मचारीलाई काममा दत्तचित्त भएर लाग्नेगरी उत्प्रेरित गर्नुपर्छ । यसको लागी उनीहरूलाई पर्याप्त तलब सुविधा तथा अन्य गैरआर्थिक प्रोत्साहन उपलब्ध गराउनुपर्छ । कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्नुपर्छ । कर्मचारी आफ्नो काम, कर्तव्य र अधिकारप्रति सदैव सचेत हुनुपर्छ । साथै, प्रत्येक कर्मचारीमा सकारात्मक सोचको विकास हुनुपर्छ। यसबाट सेवाप्रवाहमा सुधार हुन सक्छ।

***३. बजारमा उपलब्ध जनशक्तिहरुमध्ये योग्य, अब्बल र प्रतिभावान जनशक्तिहरुलाई निजामती सेवातर्फ आकर्षित गर्न के-कस्ता कदमहरु चाल्नु पर्ने देख्नुहुन्छ ?***

पछिल्लो समय निजामती सेवामा योग्य, अब्बल र प्रतिभावान जनशक्तिहरु आकर्षित हुने क्रम बढेको छ । विदेश गएका कतिपय साथीहरुपनि नेपाल फर्केर राष्ट्रसेवामा आवद्ध भएका उदाहरण छन् । विज्ञान पढेका विद्यार्थीहरुको आकर्षण यस सेवामा बढेको छ। लोक सेवा आयोगले समयानुकूल परिवर्तन गर्दै गएको आफ्नो पाठ्यक्रम, यसको निष्पक्षता र स्वच्छता तथा निजामती सेवा प्रतिको दृढ विश्वास, स्थायित्व र वृत्तिविकासको कारण आकर्षण बढेको पाईन्छ । यस सेवामा प्रतिभावान जनशक्तिहरुको आकर्षण बढाउन थप निम्न कदमहरु चाल्नु पर्ने देखिन्छ:

- ✓ लोक सेवा आयोगले समयको माग र आश्यकता अनुसार पाठ्यक्रम र परीक्षण विधिहरुमा सुधार गर्दै जानुपर्छ,
- ✓ लोक सेवा आयोगको निष्पक्षता र पारदर्शितालाई अझ बढी फराकिलो बनाउनु पर्छ ,
- ✓ निजामती सेवामै किन योग्य, अब्बल र प्रतिभावान जनशक्ति आवश्यक छन् भन्ने सन्दर्भमा सरोकारवाला पक्षहरुलाई बुझाउनु आवश्यक छ। यसको लागी आयोगले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ ।
- ✓ निजामती सेवामा नीतिगत स्थिरता हुनपर्छ। सरुवा, बढुवा तथा वृत्तिविकासको अवसरहरु अनुमान योग्य हुनुपर्छ ।
- ✓ सहजरुपमा जीवनयापन गर्न सक्ने गरी कर्मचारीहरुलाई पर्याप्त तलब सुविधा तथा अन्य प्रोत्साहन सुविधा हुनुपर्छ।
- ✓ कर्मचारीतन्त्रको अनावश्यक राजनीतिक हस्तक्षेप गर्नुहुँदैन ।
- ✓ Right man in Right place को नीति अबलम्बन गर्नुपर्छ ।
- ✓ कर्मचारीलाई काम गर्ने उपयुक्त वातावरण निर्माण गर्नुपर्छ । उनीहरुको विशेषज्ञता, योग्यता तथा इमान्दारिताको कदर गरिनुपर्छ ।
- ✓ तालिम, उत्प्रेरणा र गुनासो सुनवाइ जस्ता विषयलाई ध्यान दिनुपर्छ ।

***४. शाखा अधिकृत तहको वर्तमान पाठ्यक्रम कस्तो लाग्यो ? यसलाई थप प्रभावकारी बनाउन के गर्नु पर्ला ?***

शाखा अधिकृतको वर्तमान पाठ्यक्रम समग्रमा वैज्ञानिक र उपयुक्त नै छ। सेवा प्रवाह गर्दा आउने समस्या, समसामयिक कानुनी विषयहरु, सदाचार र नैतिकता, व्यवस्थापकीय कौशल, देशको अर्थव्यवस्था लगायतका विषहरुलाई समेटेर वस्तुगत वा विषयगत जुनसुकै भएपनि एउटा छुट्टै पेपर बनाएको भए हुन्थ्यो जस्तो लाग्छ। दोस्रो र तेस्रो पेपरका कतिपय विषयवस्तु पुराना भईसकेका र तिनीहरुको ठाउँमा नयाँ विषयहरुले प्रवेश पाएकाले त्यसमा समसामयिक सुधार गर्नु आवश्यक छ । प्रथमपत्र अन्तर्गत आई.क्यू र अङ्ग्रेजी भाग निकै सान्दर्भिक र वैज्ञानिक छ । तर, समान्य ज्ञानको दायरा अत्यन्त फराकिलो छ । यो दायरालाई केही सीमित गरिनुपर्छ । किनकी अन्य विषयमा राम्रो ज्ञान भएकाहरु पनि सामान्य ज्ञानको कारण असफल हुने र कतिपय अवस्थामा कोटा नै खेर जाने स्थिति आएको छ। न्याय सेवामा हालै यो पत्र दिन नपर्ने बनाईएको छ । बरु सामान्यज्ञानको दायरालाई सीमित गरी त्यसको ठाउँमा समसामयिक सामान्य ज्ञान राखेर सबैले अनिवार्य दिनुपर्ने बनाउनुपर्छ। ग्रुप डिस्कसन, कम्प्युटर र अन्तर्वार्ताको चरण र यसको प्रक्रिया मलाई अत्यन्तै सान्दर्भिक लागेको छ। ग्रुप डिस्कसनसँगै उम्मेदवारको सदाचारिता र नैतिकता तथा काम गर्ने शैली मापन गर्ने अर्को कुनै विषय थप्दा उपयुक्त हुन्छ । जस्तै: उपसचिवमा Competency Test राखिएको छ। शाखा अधिकृतमा पनि थप्दा राम्रो हुन्छ जस्तो लाग्छ ।

***५. लोक सेवा आयोग प्रतिको जनविश्वासलाई अझ वृद्धि गर्न के कस्ता विषयमा थप सुधार गर्न आवश्यक रहेको महसुस गर्नु भएको छ ?***

लोक सेवा आयोग नेपालको स्वतन्त्र संवैधानिक निकाय हो। आयोगको प्रतिवद्धता, योग्यता, स्वच्छता, निष्पक्षताको र दृढ अठोटकै कारण आज यो आम नेपालीको आस्था र विश्वासको प्रतिमुर्तीको रुपमा स्थापित छ । आयोगको निष्पक्षता माथि विश्वास गरेर नै नेपालको वर्तमान संविधानले पनि यसको दायरालाई बढाएको छ । यो जनविश्वासलाई कायम राख्दै लोक सेवा आयोग अझ बढि सक्षम र निष्पक्ष बन्नु आवश्यक छ । त्यसको लागी आयोगले गोपनियताको सीमालाई ध्यानमा राख्दै पारदर्शितालाई बढी भन्दा बढी प्रवर्द्धन गर्नुपर्छ। सूचना प्रविधिको प्रयोगलाई बढाउँदै लानुपर्छ । वार्षिक कार्यतालिकाको कठोर कार्यान्वयन गर्नुपर्छ। आयोगको परीक्षा प्रणाली, पाठ्यक्रम, उम्मेदवारको छनौट विधि लगायतका विषयलाई समेटेर अन्तरक्रिया, सेमिनार तथा रेडियो/टिभी कार्यक्रम सञ्चालन गर्नुपर्छ । आयोगमा राजनीतिक रङ्ग नलागेका दक्ष, सक्षम र इमान्दार पदाधिकारिको चयन हुनुपर्छ । साथै, आयोगमा कार्यरत कर्मचारीहरु इमान्दार, सक्षम र सिर्जनशील हुनुपर्छ। स्वतन्त्र भएर निर्भिक ढङ्गले काम गर्ने वातावरण लोक सेवा आयोगलाई हुनुपर्छ । आयोगमाथी कहि कतैबाट दबाव दिने, काममा अवरोध गर्ने, प्रभाव पार्न खोज्ने जस्ता काम गरिनु हुँदैन । सरकारले पनि नीतिगत माध्यमबाट हस्तक्षेप गर्न खोज्ने प्रयास गर्नुहुँदैन ।

लोक सेवा आयोगबाट आ.व. ०७४/७५ मा खुला तर्फ रा.प. तृतीय श्रेणी, एकीकृत, शाखा अधिकृत पदमा लिइएको परीक्षामा नेपाल प्रशासन सेवा, लेखा समूह तर्फ लिइएको परीक्षामा प्रथम स्थान प्राप्त गर्न सफल हुनु भएका लेखा भण्डारी सँग गरिएको अन्तर्वार्ता :



१. *नेपाल प्रशासन सेवाको लेखा समूहतर्फ लेखा अधिकृत पदमा प्रतिस्पर्धाबाट छनौट भई कार्यभार समेत सम्हाल्नु भएकोमा बधाई छ। प्रतियोगितात्मक परीक्षाबाट सफल हुन के-कस्ता विषयवस्तुहरु अध्ययन गर्नुपर्ने र उत्तर लेख्दा कस्ता कुराहरुलाई महत्व दिनुपर्ने रहेछ ? आफ्नो अनुभवका आधारमा लोक सेवा तयारीमा संलग्न रहेका उम्मेदवारहरुलाई कस्तो सुझाव दिनुहुन्छ ?*

धेरै धेरै धन्यवाद । हजारौं प्रतिस्पर्धीहरुका बीच मलाई यो पदको लागि योग्य मानी निष्पक्ष रुपमा छनौट गरेकोमा लोक सेवा आयोग प्रति धेरै धेरै आभारी छु । कुनै पनि प्रतियोगितामा सफलता प्राप्त गर्नका लागि अपरिहार्य तत्व भनेको मेहनत र लगनशीलता नै हो । लोक सेवा आयोगले लिने प्रतियोगितात्मक परीक्षामा कुन-कुन पदको लागि कति योग्यता भएको व्यक्ति उम्मेदवार हुन्छ, कुन विषयवस्तु भित्र रहेर प्रश्न सोधिन्छ र उक्त प्रश्नको समाधानको लागि कति समय लाग्छ भन्ने कुरा पनि स्पष्ट सँग तोकिएको हुन्छ । यस्तो अवस्थामा सबैभन्दा पहिला त प्रतिस्पर्धीले सम्बन्धीत पदको लागि तोकिएको पाठ्यक्रम राम्रो सँग अध्ययन गर्न आवश्यक छ । त्यसपछि पाठ्यक्रमले खोजे अनुसारको विषयवस्तु र तथ्याङ्कहरु आधिकारिक निकायबाट संकलन गर्ने र त्यसको गहन अध्ययन जरुरी हुन्छ । आधिकारिक श्रोतबाट लिइएको तथ्याङ्क विश्वसनीय हुनुको साथै प्रतिस्पर्धी भन्दा अगाडि आउन निकै उपयोगी हुन्छ ।

हरेक मानिसको आफ्नो-आफ्नो पढ्ने, बुझ्ने र लेख्ने सिप हुन्छ । लोक सेवा आयोगको परीक्षामा सोधिने प्रश्नहरुको उत्तर लेख्दा तथ्य र तथ्याङ्कमा आधारित भएर जस्टीफाई गर्दा उत्तम मानिन्छ । दिइएको समय भित्र सबै प्रश्नहरुको समाधान गर्न सकिन्छ कि सकिदैन भनी तयारीको क्रममा बढी भन्दा बढी सम्भावित प्रश्नहरु तयार पारि त्यसलाई लेखेर अभ्यास गर्दा बढी उपयोगी हुन्छ । यसका साथै एक्लै अध्ययन गर्नुभन्दा तयारीमा जुटेका साथिहरुसँग छलफल गर्दै तयारी गर्दा थप नयाँ कुराहरु सिक्ने मौका पाईनुका साथै आईडिया समेत सेयेरिङ गर्न सजिलो हुन्छ ।

२. *निजामती सेवामा उत्कृष्ट कर्मचारीहरु आउँछन् तर सार्वजनिक सेवाप्रवाहमा सुधार हुन सकेको छैन भन्ने जनगुनासो सुनिने गरेको छ । सार्वजनिक सेवाप्रवाहमा सुधार ल्याउन के कस्ता कार्यमा परिवर्तन ल्याउनु पर्ने आवश्यकता महसूस गर्नु भएको छ ?*

पछिल्लो समयमा निजामती सेवाप्रति उत्कृष्ट र योग्य जनशक्तिको आकर्षण बढ्दै गएको पाईन्छ । उक्त कुरा परीक्षामा हुने प्रतिस्पर्धाले पनि देखाएको छ । दक्ष जनशक्ति हुँदाहुँदै पनि जनताको अपेक्षा अनुसार सार्वजनिक सेवा प्रवाहमा सुधार हुन नसकेको जनगुनासो पाइन्छ । सार्वजनिक सेवा प्रवाहमा सुधार नै नभएको भने होइन । सरकारी कामकारबाही प्रचलित ऐन, नियम र कानूनको दायराभित्र बसेर सम्पादन गर्नु पर्ने हुन्छ । यसो हुँदा स्वभावैले प्रक्रियागत कार्यप्रणालीको विकास भएको हुन्छ । यी कारणले गर्दा सेवा प्रवाह छिटो छरितो हुन नसकेको आभास जनतालाई परेको छ । यसका साथै म एक्लैले गरेर के हुन्छ र ? अरुले गरेका छैनन् म किन गरु ? काम नगरे पनि तलब आइहाल्छ भन्ने किसिमको नकारात्मक संस्कारको विकास सार्वजनिक निकायहरुमा भएको छ । सार्वजनिक सेवालाई समयानुसार थप सुधार गर्नको लागि कर्मचारीको सिप क्षमतामा अभिवृद्धि गर्ने र कर्मचारीमा भएको नकारात्मक सोचको अन्त्य गरी नैतिक र व्यवहारिक बनाउँन विभिन्न उत्प्रेरणात्मक तालिमको व्यवस्था गर्नुपर्ने हुन्छ । सार्वजनिक सेवा प्रवाहमा विभिन्न सिप, क्षमता, योग्यता, जोस, जाँगरका साथ सेवा प्रवेश गरेका कर्मचारीहरुलाई कसरी उनीहरुको क्षमताको अधिकतम प्रयोग गर्न सकिन्छ भन्ने तर्फ व्यवस्थापनले सोच्नु जरुरी छ ।

३. *बजारमा उपलब्ध जनशक्तिहरुमध्ये योग्य, अब्बल र प्रतिभावान जनशक्तिहरुलाई निजामती सेवातर्फ आकर्षित गर्न के-कस्ता कदमहरु चाल्नु पर्ने देख्नुहुन्छ ?*

योग्य, अब्बल र प्रतिभावान जनशक्तिहरु निजामती सेवा प्रति आकर्षित नहुनुको प्रमुख कारण न्युन सेवा सुविधा नै हो । हरेक मानिस आफूसँग रहेको सिप, क्षमता, योग्यताको अधिकतम प्रयोग गरेर गुणस्तरीय जिवन जिउन चाहन्छ । तर सरकारी कर्मचारीलाई दिइने तलबभत्ता वापतको सुविधाले सामान्य जीविका चलाउन समेत गाह्रो भएको अवस्था छ । योग्य जनशक्तिलाई निजामती सेवामा आकर्षित गर्न आकर्षक तलबभत्ता तथा व्यक्तित्व विकासको अन्य अवसरहरु बढाउनु पर्ने हुन्छ ।

४. *शाखा अधिकृत तहको वर्तमान पाठ्यक्रम कस्तो लाग्यो ? यसलाई थप प्रभावकारी बनाउन के गर्नु पर्ला ?*

लोक सेवा आयोगको पाठ्यक्रम अलि बढि सैद्धान्तिक भएको हो की भन्ने बिचार व्यक्त हुन थालेको पाईन्छ । वर्तमान समयमा सेवा प्रवाहलाई छिटो, छरितो बनाउनका लागी आधुनिक प्रविधिको प्रयोग बढ्दै गएको सन्दर्भमा लोक सेवाको पाठ्यक्रम मै प्रयोगात्मक परीक्षालाई अझ बढावा दिनु पर्ने देखिन्छ ।

५. *लोक सेवा आयोग प्रतिको जनविश्वासलाई अझ वृद्धि गर्न के कस्ता विषयमा थप सुधार गर्न आवश्यक रहेको महसुस गर्नु भएको छ ?*

मेरो बिचारमा नेपालमा वर्तमान अवस्था सम्म लोक सेवा आयोग सबैभन्दा बढी जनविश्वास जितेको सार्वजनिक निकाय हो । निश्चित सिद्धान्तका आधारमा निष्पक्ष रुपमा कर्मचारी छनौट गरेको कारण यस संस्थाको लोकप्रियता बढेको हो साथै यसैको निरन्तरता हुनुपर्दछ ।

## बारम्बार सोधिने प्रश्नहरु (Frequently Asked Questions)

आयोगको काम कारबाही सम्बन्धी समसामयिक विषयमा सरोकारवालाहरुबाट पटक पटक सोधिने प्रश्न र सो सम्बन्धी जानकारीमूलक विषयवस्तु :

१. ***लोक सेवा आयोगका कार्यालयको कार्यक्षेत्र परिवर्तन भैसकेको सन्दर्भमा लहान र वीरगञ्ज उपकेन्द्रमा कहाँको परीक्षा सञ्चालन हुन्छ ?***

साविकमा लोक सेवा आयोगको पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा र लोक सेवा आयोग सगरमाथा अञ्चल कार्यालय, खोटाङबाट सञ्चालन हुने क्रमश: राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणी (प्राविधिक/अप्राविधिक) का पदहरुको लिखित परीक्षाको केन्द्र सिरहा जिल्लाको लहानमा र लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौंबाट सञ्चालन हुने राजपत्र अनंकित प्रथम श्रेणीका र साविक लोक सेवा आयोग, नारायणी अञ्चल कार्यालय, हेटौंडाबाट सञ्चालन हुने राजपत्र अनंकित द्वितीय श्रेणीका पदहरुको लिखित परीक्षा केन्द्र पर्सा जिल्लाको वीरगञ्जमा कायम गरिएकोमा हाल लोक सेवा आयोगका कार्यालयहरुको कार्यक्षेत्र परिवर्तन भएको सन्दर्भमा साविक व्यवस्थाको सट्टा लोक सेवा आयोग, जलेश्वर कार्यालयबाट सञ्चालन हुने राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणी (प्राविधिक/अप्राविधिक) पदको लिखित परीक्षाको परीक्षा केन्द्र लहान र वीरगञ्जबाट सञ्चालन हुने व्यवस्था गरिएको छ ।

२. ***लोक सेवा आयोगको फाराम भर्दा अपाङ्गता परिचय पत्र सम्बन्धमा के कस्तो व्यवस्था छ ?***

आयोगबाट प्रकाशित विज्ञापनमा समावेशी समूह अन्तर्गतको अपाङ्ग समूहमा दरखास्त फाराम भर्न आवश्यक पर्ने समाज कल्याण परिषदवाट जारी भएको अपाङ्गता परिचयपत्रको हकमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्रको आधारमा समेत दरखास्त स्वीकृत हुने हुँदा सो परिचयपत्रलाई अनिवार्य रुपमा अनलाइन फाराम भर्दा अपलोड गर्नु पर्ने व्यवस्था छ ।

३. ***शैक्षिक उपाधिको नतिजा प्रकाशन भएको तथा प्रमाणपत्र जारी नभएको अवस्थामा लोक सेवा आयोगको फाराम कसरी भर्न सकिन्छ ?***

आयोगबाट प्रकाशित विज्ञापनको दरखास्त फाराम भर्ने म्यादभित्र विद्यालय/क्याम्पस/विश्वविद्यालयबाट परीक्षाको नतिजा प्रकाशन भएको तर मूल प्रमाणपत्र जारी भै नसकेको अवस्थामा अध्ययन गरेको संस्थाबाट निज व्यक्ति उत्तीर्ण भएको व्यहोरा लेखिएको पत्र साथ उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल समेत) का मार्कसिटहरु पेश गरेमा दरखास्त फाराम भर्न सक्ने र सोको आधारमा दरखास्त स्वीकृत गर्ने व्यवस्था छ । उम्मेदवारले दरखास्त पेश गरेको पदका लागि आवश्यक योग्यताका मूल प्रमाणपत्रहरु जारी हुनासाथ अनलाइन सिष्टममा गएर अपलोड गर्नु पर्नेछ ।

४. ***लोक सेवा आयोगको फाराम भर्दा दरखास्त दस्तूर कसरी बुझाउन सकिन्छ ?***

अनलाइन र नगदै बुझाउने गरी २ तरिकाबाट लोक सेवा आयोगको फाराम बुझाउन सकिने व्यवस्था गरिएको छ

**(१) अनलाइन मार्फत दरखास्त दस्तुर बुझाउने विधि :**

आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म submit गरेपछि Payment Tab को view applied advertisement मा Click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस्" link मा Click गर्ने । त्यसपछि देखिने शर्त मञ्जुर गर्ने Check Box मा Tick लगाई Online Payment button मा Click Connect IPS Radio button मा Clickगरी "रकम भुक्तानी गर्नुहोस्" बटनमा click गर्ने । त्यसपछि आउने स्क्रिनबाट Connect IPS प्रणालीमा login गरी आफ्नो बैंक खाता छानी सोझै दस्तुर बुझाउन सकिनेछ । Connect IPS को सेवा प्रयोग गर्न www.connectips.com मा गई Sign Up गर्नका साथै उक्त प्रणालीसँग जोडिएका बैंकहरुमध्ये आफ्नो खाता रहेको बैकको खातालाई link गरी सो बैंकबाट Verify गरिएको हुनुपर्ने छ ।

**(२) नगदै दरखास्त दस्तुर बुझाउने विधि :**

आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म submit गरेपछि Payment Tab को view applied advertisement मा Click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस्" link मा Click गर्ने । त्यसपछि देखिने भौचर स्लिपको तल पट्टी रहेको शर्त मञ्जुर गर्ने Check Box मा Tick लगाइ राष्ट्रिय वाणिज्य बैंक वा ग्लोबल आई.एम.ई. बैङ्कमध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा क्लिक गर्नु पर्नेछ । सो पश्चात् देखिने भौचरको तल पट्टी रहेको शर्त मञ्जुर गर्ने check box मा Tick लगाइ activate हुने print button मा click गरी भौचर Print गरेर उक्त बैंकको नजिकको शाखामा गई भौचर पेश गरी रकम बुझाउन सकिन्छ । उक्त भौचर बिना बैंकहरुले नगद नबुझ्ने भएकोले अनिवार्य रुपमा भौचर प्रिन्ट गरी साथै लिइ जानुपर्नेछ । उल्लेखित बैङ्कहरुका नेपाल भरिका सबै शाखाहरुबाट नगद बुझाउन सकिन्छ ।

## स्वत: प्रकाशन (Proactive Disclosure)

सूचनाको हकससम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने स्वत: प्रकाशन (Proactive Disclosure) सम्बन्धी सार्वजनिक गरिएको विवरण ।

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th colspan="5">व्यवस्था</th></tr>
<tr><td>१.</td><td>निकायको स्वरूप र प्रकृति</td><td colspan="5">संवैधानिक निकाय</td></tr>
<tr><td>२.</td><td>निकायको काम, कर्तव्य र अधिकार</td><td colspan="5">नेपालको संविधानको धारा २४३ मा व्यवस्था भए बमोजिम ।</td></tr>
<tr><td>३.</td><td>निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण</td><td colspan="5">विभिन्न पदका ३९९ जना (राजपत्रांकित श्रेणीतर्फ १३२, राजपत्र अनंकित श्रेणीतर्फ १६१ र श्रेणी विहीनतर्फ १०६), कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।</td></tr>
<tr><td>४.</td><td>निकायबाट प्रदान गरिने सेवा</td><td colspan="5">माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता, छनौट तथा सिफारिस, संविधान तथा ऐन, नियममा उल्लेखित विषयहरु (नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, उजुरी उपर टुंगो लगाउने आदि ।</td></tr>
<tr><td rowspan="22">५.</td><td rowspan="22">सेवा प्रदान गर्ने निकायको महाशाखा र शाखारजिम्मेवार अधिकारी</td><td>क्र.सं.</td><td>महाशाखा र महाशाखा प्रमुखको नाम</td><td>शाखाहरुको नाम</td><td colspan="2">शाखा प्रमुखहरुको नाम (उपसचिव)</td></tr>
<tr><td rowspan="4">१.</td><td rowspan="4">प्रशासन तथा योजना महाशाखा<br>श्री जानकी राम शर्मा बराल</td><td>क) सूचना तथा प्रकाशन शाखा</td><td colspan="2">श्री देवीप्रसाद सुवेदी</td></tr>
<tr><td>ख) प्रशासन शाखा</td><td colspan="2">श्री डिल्लीराज पोखरेल</td></tr>
<tr><td>ग) आर्थिक प्रशासन शाखा</td><td colspan="2">श्री पुरुषोत्तम शर्मा</td></tr>
<tr><td>घ) सूचना सञ्चार प्रविधि शाखा</td><td colspan="2">श्री रमेश शर्मा पौडेल</td></tr>
<tr><td rowspan="3">२.</td><td rowspan="3">अन्तर्वार्ता तथा सिफारिश महाशाखा<br>सहसचिव<br>श्री किरणराज शर्मा</td><td>क) प्रश्नपत्र परिमार्जन शाखा</td><td colspan="2">श्री चुरामणि मरासिनी</td></tr>
<tr><td>ख) अन्तर्वार्ता तथा सिफारिस शाखा</td><td colspan="2">श्री रमेश मैनाली</td></tr>
<tr><td>ग) प्रश्नपत्र परिमार्जन शाखा (सुरक्षा निकाय तथा संगठित संस्था)</td><td colspan="2">श्री राजन राई</td></tr>
<tr><td rowspan="4">३.</td><td rowspan="4">परीक्षा महाशाखा<br>सहसचिव<br>श्री प्रेमप्रसाद पौडेल</td><td>क) परीक्षा सञ्चालन शाखा</td><td colspan="2">श्री सन्तोषप्रसाद दाहाल</td></tr>
<tr><td>ख) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक)</td><td colspan="2">श्री कुशला पौडेल</td></tr>
<tr><td>ग) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक)</td><td colspan="2">श्री जगन्नाथ बराल</td></tr>
<tr><td>घ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा</td><td colspan="2">श्री टामलाल पाण्डे</td></tr>
<tr><td rowspan="3">४.</td><td rowspan="3">परीक्षण प्रविधि तथा पाठ्यक्रम महाशाखा<br>मुख्य मनोविज्ञानवेत्ता<br>डा. खगेन्द्रप्रसाद सुवेदी</td><td>क) परीक्षण प्रविधि शाखा</td><td colspan="2">श्री सर्मुनलाल शाक्य</td></tr>
<tr><td>ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा</td><td colspan="2">श्री कृष्ण जि.सी.</td></tr>
<tr><td>ग) अनुसन्धान तथा विकास शाखा</td><td colspan="2">श्री नवराज लम्साल</td></tr>
<tr><td rowspan="2">५.</td><td rowspan="2">कानून महाशाखा<br>सहसचिव<br>श्री पाराश्वर ढुङ्गाना</td><td>क) नीति नियम तथा अभिलेख शाखा</td><td colspan="2">श्री केशव शर्मा</td></tr>
<tr><td>ख) उजुरी तथा विभागीय सजाय परामर्श शाखा</td><td colspan="2">श्री रामप्रसाद लम्साल</td></tr>
<tr><td rowspan="3">६.</td><td rowspan="3">सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा<br>सहसचिव<br>श्री किशोरजंग कार्की</td><td>क) लिखित परीक्षा सञ्चालन शाखा</td><td colspan="2">श्री नारायणप्रसाद ज्ञवाली</td></tr>
<tr><td>ख) लिखित परीक्षा नतिजा तयारी शाखा</td><td colspan="2">श्री ईश्वरीप्रसाद अर्याल</td></tr>
<tr><td>ग) लिखित परीक्षा नतिजा प्रकाशन शाखा</td><td colspan="2">श्री सुर्यप्रसाद सापकोटा</td></tr>
<tr><td>६.</td><td>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि</td><td colspan="5">कामको प्रकृति अनुसार फरक फरक हुने । आयोगको नागरिक वडापत्रमा उल्लेख गरिएको ।</td></tr>
<tr><td>७.</td><td>निर्णय गर्ने प्रक्रिया र अधिकारी</td><td colspan="5">छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । (नागरिक वडापत्रमा उल्लेख गरिएको)</td></tr>
</table>

| | | |
|---|---|---|
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | अधिकार प्रत्यायोजन अनुसार सहसचिवहरु, सचिव, आयोगका माननीय सदस्यहरु, माननीय अध्यक्ष, सम्बन्धित अदालतहरु । |
| ९. | सम्पादन गरेको कामको विवरण | माग तथा पदपूर्तिको निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन, सूचना प्रकाशन, पाठ्यक्रम निर्धारण, शैक्षिक योग्यता निर्धारणमा सहयोग, परीक्षा सञ्चालन, उपयुक्त उम्मेदवारको छनौट तथा सिफारिश, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्तहरुको निर्माण, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान आदि । |
| १०. | प्रमुख सूचना अधिकारीको नाम र थर | प्रमुख माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली<br>सचिव श्री महेन्द्रप्रसाद गुरागाईं<br>सूचना अधिकारी श्री देवीप्रसाद सुवेदी (उपसचिव) |
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | • नेपालको संविधान<br>• लोक सेवा आयोग ऐन, २०६६ तथा लोक सेवा आयोग नियमावली, २०६७<br>• निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>• नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>• व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>• विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>• सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) तथा संगठित संस्थाहरु सम्बन्धी ऐन, नियमावलीहरु<br>• संगठित संस्थाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी कानून, बढुवा र विभागीय कारबाही सम्बन्धी सामान्य सिद्धान्त, २०७४<br>• लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७<br>• लोक सेवा आयोगको कार्य पद्धति दिग्दर्शन, २०७०<br>• लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचार संहिता, २०६९<br>• लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>• सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>• लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>• अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासन सम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण | website: www.psc.gov.np<br>email: info@psc.gov.np |
| (ख) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | आयोगको वेवसाइट www.psc.gov.np हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (आवश्यकता अनुसार अन्य बारहरुमा पनि) आयोगबाट प्रकाशन हुने बुलेटिन (सूचनापत्र), रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने । |

## लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १ | लोक सेवा आयोग, धनकुटा कार्यालय | शाखा अधिकृत, श्री प्रकाश गुरुङ | ०२६–५२०१३०, ९८५२०५०३३७ |
| २ | लोक सेवा आयोग, जनकपुर कार्यालय, जलेश्वर | शाखा अधिकृत, श्री विष्णुप्रसाद न्यौपाने | ०४४–५२०१४७, ९८५८३२०५३६ |
| ३ | लोक सेवा आयोग, काठमाडौं कार्यालय | शाखा अधिकृत, श्री जयराम नेपाल | ०१–४११५८३३, ९८४१३४१९०८ |
| ४ | लोक सेवा आयोग, पोखरा कार्यालय | शाखा अधिकृत, श्री रेपनाथ आचार्य | ०६१–४६३१४५, ९८४६०५९६२२ |
| ५ | लोक सेवा आयोग, बुटवल कार्यालय | शाखा अधिकृत, श्री नारायणप्रसाद आचार्य | ०७१–५४०२०७, ९८५११६२६६३ |
| ६ | लोक सेवा आयोग, सुर्खेत कार्यालय | शाखा अधिकृत, श्री भरत खनाल | ०८३–५२०१०६, ९८४८०७५५५६ |
| ७ | लोक सेवा आयोग, दिपायल कार्यालय | शाखा अधिकृत, श्री हरिबहादुर चन्द | ०९४–४४०१४७, ९८४८७४७३६३ |
| ८ | लोक सेवा आयोग, इलाम कार्यालय | शाखा अधिकृत, श्री जनार्दन कट्टेल | ०२७–५२००६२, ९८४१६९६६१४ |
| ९ | लोक सेवा आयोग, खोटाङ कार्यालय | शाखा अधिकृत, श्री रघुपति काफ्ले | ०३६–४२०१७७, ९८४१५६५००३ |
| १० | लोक सेवा आयोग, हेटौंडा कार्यालय | शाखा अधिकृत, श्री कविता गौतम | ०५७–५२०३०२, ९८५११५४७०७ |
| ११ | लोक सेवा आयोग, वाग्लुङ कार्यालय | शाखा अधिकृत, श्री विन्दुदेवी शर्मा | ०६८–५२२६४७, ९८५७६३३४३३ |
| १२ | लोक सेवा आयोग, दाङ कार्यालय | शाखा अधिकृत, श्री कमल ज्ञवाली | ०८२–५२००१३, ९८४१४०७६२३ |
| १३ | लोक सेवा आयोग, जुम्ला कार्यालय | शाखा अधिकृत, श्री विजय गौतम | ०८७–५२०००८, ९८५११२९२०४ |
| १४ | लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय | शाखा अधिकृत, श्री खगेन्द्रप्रसाद भट्ट | ०९९–५२१२०९, ९८४९५०७८९१ |
| १५ | लोक सेवा आयोग, दरखास्त व्यवस्थापन केन्द्र | शाखा अधिकृत, श्री नवराज जैसी | ०१–४७७१२१४, ९८५१११९९१७ |

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण

| क्र.सं. | सूचना माग कर्ताको नाम र ठेगाना | माग भएको सूचनाको विवरण | सूचना माग भएको मिति | फछ्र्यौटको विवरण | फछ्र्यौटको मिति |
|---|---|---|---|---|---|
| १. | विकास कुमार झा राजदेवी न.पा.-४ रौतहट | आयोगको परीक्षासँग सम्बन्धित लिखत र कागजात गोप्य रहने छन् भनी आयोगको मिति २०७५/३/३२ को निर्णय उपलब्ध गराई पाऊँ। | २०७५/०७/१४ | आयोगको निर्णय उपलब्ध गराईएको। | २०७५/०७/१८ |
| २. | शम्भु प्रसाद देव प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, मुस्ताङ्ग | प्राप्ताङ्क जानकारी गराई सफल उम्मेदवारको सूचीमा नाम समाहित गराई पाउँ। | २०७५/९/५ | आयोगको परीक्षासँग सम्बन्धित लिखत र कागजात गोप्य रहनेछन् भनी आयोगको मिति २०७५/३/३२ को निर्णयानुसार गरिएको सूचना वर्गीकरणमा लिखित परीक्षाको प्राप्ताङ्क गोप्य राख्ने व्यस्था भएको व्यहोराको जानकारी गराईएको। | २०७५/९/५ |

"लोक सेवा आयोगको प्रतिबद्धता, योग्यता, स्वच्छता र निष्पक्षता"

"लोक सेवा आयोगको दृढ अठोट, स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट"

"लोक सेवा आयोगको अग्रगामी सोच, आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम व्यक्तिको छनौट"

# लोक सेवा आयोग

## आ.व. २०७५/०७६ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका-२

(सुरक्षा निकायहरु तथा अन्य सरकारी सेवा/संगठित संस्थाहरु तर्फका विभिन्न श्रेणी/तहका पदहरु)

| क्र.सं. | निकाय | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण/ सहमती प्रदान | विज्ञापन/ | लिखित परीक्षा | लि.प.नतिजा |
|---|---|---|---|---|---|---|
| | | **नेपाली सेना** | | | | |
| १. | लेखा जम.क./अ.क./सैन्य/ड्राईभर/सैन्य वाद्यवादन/ **(गत आ.व.को बांकी)** | खुला तथा समावेशी | भएको | भएको | साउन | भदौ |
| | अधिकृत क्याडेट | खुला तथा समावेशी | भदौ/असोज | भदौ/असोज | कार्तिक/मंसिर | मंसिर/पुस |
| | पदिक/हुद्दा, अधिकृत क्याडेट | आ.प्र. | चैत्र/बैशाख | चैत्र/बैशाख | बैशाख/जेठ | बैशाख/जेठ |
| | पाइलट/लेखा/प्राड/प्राविधिक अधिकृत, एम.बी.बी.एस. डाक्टर (पहिलो पटक) | आ.प्र./खुला तथा समावेशी | साउन/भदौ | साउन/भदौ | असोज/कार्तिक | कार्तिक/मंसिर |
| | प्रा.उ.से. एम.बी.बी.एस. डाक्टर(दोस्रो चरण) | खुला तथा समावेशी | मंसिर/पुस | मंसिर/पुस | पुस/माघ | माघ/फागुन |
| | प्राड/जम/प्राविधिक पदिक तथा विल्लादार | आ.प्र./खुला तथा समावेशी | पुस/माघ | पुस/माघ | माघ/फागुन | फागुन/चैत्र |
| | लेखा जम.क./स.प.हु./अ.क./सैन्य/ड्राईभर/सैन्य वाद्यवादन/विभिन्न ट्रेडका फलोअर्स | आ.प्र./खुला तथा समावेशी — पहिलो पटक | असोज/कार्तिक | असोज/कार्तिक | मंसिर/पुस | मंसिर/पुस |
| | | दोस्रो पटक | माघ/फागुन | माघ/फागुन | चैत्र/बैशाख | चैत्र/बैशाख |
| | | तेस्रो पटक | बैशाख/जेठ | बैशाख/जेठ | जेठ/असार | जेठ/असार |
| | | **नेपाल प्रहरी** | | | | |
| २. | प्रहरी निरीक्षक (प्राविधिक/अप्राविधिक) | खुला तथा समावेशी | साउन/भदौ | साउन/भदौ | कार्तिक/मंसिर | पुस/माघ |
| | प्रहरी प्राविधिक अधिकृत | खुला तथा समावेशी | साउन/भदौ | साउन/भदौ | कार्तिक/मंसिर | पुस/माघ |
| | प्र.ना.नि.(प्रा.) प्र.स.नि. (जनपद/प्रा.) | खुला तथा समावेशी — पहिलो पटक | साउन/भदौ | साउन/भदौ | कार्तिक/मंसिर | पुस/माघ |
| | | दोस्रो पटक | माघ/फागुन | माघ/फागुन | चैत्र/बैशाख | जेठ/असार |
| | प्रहरी जवान (प्राविधिक/अप्राविधिक) | खुला तथा समावेशी — पहिलो पटक | साउन/भदौ | साउन/भदौ | कार्तिक/मंसिर | पुस/माघ |
| | | दोस्रो पटक | माघ/फागुन | माघ/फागुन | चैत्र/बैशाख | बैशाख |
| | प्रहरी कार्यालय सहयोगी | खुला तथा समावेशी | साउन/भदौ | साउन/भदौ | चैत्र/बैशाख | जेठ/असार |
| | | **सशस्त्र प्रहरी बल, नेपाल** | | | | |
| ३. | सशस्त्र प्रहरी निरीक्षक | खुला तथा समावेशी | भदौ | भदौ/असोज | मंसिर/पुस | फागुन/चैत्र |
| | प्राविधिक सशस्त्र प्रहरी अधिकृत | खुला तथा समावेशी | साउन | साउन | भदौ/असोज | मंसिर/पुस |
| | सशस्त्र प्रहरी सहायक निरीक्षक | खुला तथा समावेशी — पहिलो पटक | भदौ | असोज | मंसिर/पुस | बैशाख |
| | | दोस्रो पटक | माघ | फागुन | बैशाख/जेठ | असार |
| | सशस्त्र प्रहरी जवान (प्राविधिक/अप्राविधिक)/फलोअर्स | खुला तथा समावेशी — पहिलो पटक | साउन | भदौ | कार्तिक/मंसिर | मंसिर/पुस |
| | | दोस्रो पटक | माघ | फागुन | बैशाख/जेठ | जेठ/असार |
| | | **राष्ट्रिय अनुसन्धान विभाग** | | | | |
| ४. | अनुसन्धान अधिकृत | खुला तथा समावेशी | मंसिर/पुस | मंसिर/पुस | माघ/फागुन | फागुन/चैत्र |
| | अनुसन्धान सहायक | खुला तथा समावेशी | मंसिर/पुस | मंसिर/पुस | माघ/फागुन | फागुन/चैत्र |
| ५. | नेपाल राष्ट्र बैंक, नेपाल विद्युत प्राधिकरण, वि.पी.कोईराला मेमोरियल क्यान्सर अस्पताल, नेपाल आयल निगम, नेपाल टेलिकम **(गत आ.व.को बाँकी)** | आ.प्र/खुला तथा समावेशी | भएको | भएको | साउन/भदौ | असोज/कार्तिक |
| | नेपाल बैंक लि., नेपाल खाद्य संस्थान, गोरखापत्र संस्थान, रेडियो प्रसार सेवा विकास समिति, राष्ट्रिय बीमा संस्थान **(गत आ.व.को बाँकी)** | आ.प्र/खुला तथा समावेशी | भएको | भएको | भदौ/असोज | कार्तिक/मंसिर |
| | घरेलु तथा साना उद्योग विकास समिति **(गत आ.व.को बाँकी)** | | | साउन/भदौ | असोज/कार्तिक | मंसिर/पुस |
| ६. | नेपाल वायु सेवा निगम, निक्षेप तथा कर्जा सुरक्षण कोष, कानून किताब व्यवस्था समिति, मानव अंग प्रत्यारोपण केन्द्र, नगर विकास कोष, समाज कल्याण परिषद्, शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | आ.प्र/खुला तथा समावेशी | साउन | साउन/भदौ | कार्तिक/मंसिर | मंसिर/पुस |
| ७. | कर्मचारी प्रशिक्षण प्रतिष्ठान, बीमा समिति,काठमाण्डौ उपत्यका खानेपानी लि., हेटौंडा सिमेन्ट उद्योग लि., नेपाल धितोपत्र बोर्ड, राष्ट्रिय बीमा कम्पनी लि., कृषि विकास बैंक लि., नेपाल कृषि अनुसन्धान परिषद् | आ.प्र/खुला तथा समावेशी | भदौ | भदौ/असोज | मंसिर/ पुस | पुस/माघ |
| ८. | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनक शिक्षा सामग्री केन्द्र लि.,वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, औद्योगिक क्षेत्र व्यवस्थापन लि., वि.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, कर्मचारी संचय कोष,नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक, राष्ट्रिय बीउबीजन कम्पनी लि., नेपाल आयल निगम, गुठी संस्थान | आ.प्र/खुला तथा समावेशी | असोज | असोज/कार्तिक | पुस/माघ | माघ/फागुन |
| ९. | नेपाल बैंक लि., नेपाल दूरसंचार प्राधिकरण, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, नेपाल स्टक एक्सचेन्ज लि., राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लि., नेपाल विद्युत प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, काठमाण्डौ उपत्यका विकास प्राधिकरण, गोरखापत्र संस्थान, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, जलविद्युत लगानी तथा विकास कम्पनी लि., सिडिएस एण्ड क्लियरिङ लिमिटेड | आ.प्र/खुला तथा समावेशी | कार्तिक | कार्तिक | माघ/फागुन | फागुन/चैत्र |
| १०. | नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि., राष्ट्रिय परीक्षा बोर्ड, परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल विकास समिति, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, राष्ट्रिय बीमा संस्थान, नागरिक लगानी कोष, नेपाल खाद्य संस्थान, कृषि सामाग्री कम्पनी लि., नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल पर्यटन बोर्ड, नेपाल औषधी लिमिटेड, रेडियो प्रसार सेवा विकास समिति, सांस्कृतिक संस्थान, केन्द्रीय कानून पुस्तकालय विकास समिति, घरेलु तथा साना उद्योग विकास समिति,नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, दुग्ध विकास संस्थान, राष्ट्रिय सहकारी विकास बोर्ड, नेपाल टेलिकम | आ.प्र/खुला तथा समावेशी | मंसिर | मंसिर/पुस | फागुन/चैत्र | चैत्र/बैशाख |
| ११. | नेपाल ईन्टरमोडल यातायात विकास समिति, लुम्बिनी विकास कोष, नेपाल खानेपानी संस्थान, नेपाल टेलिभिजन, राष्ट्रिय दुग्ध विकास बोर्ड, नेपाल मेडिकल काउन्सिल, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, पशुपति क्षेत्र विकास कोष, उदयपुर सिमेन्ट उद्योग लि., विश्वविद्यालय अनुदान आयोग, सिंहदरबार नेपाल ईन्टरमोडल यातायात विकास समिति, लुम्बिनी विकास कोष, नेपाल वैद्यखाना विकास समिति, राष्ट्रिय खेलकुद परिषद्, द टिम्बर कर्पोरेशन अफ नेपाल, राष्ट्रिय सूचना प्रविधि केन्द्र, नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, साझा स्वास्थ्य सेवा सहकारी संस्था लि. | आ.प्र/खुला तथा समावेशी | पुस | पुस/माघ | फागुन/चैत्र | बैशाख/जेठ |
| १२. | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, कालिमाटी फलफूल तथा तरकारी विकास समिति, निजामती कर्मचारी अस्पताल, सडक बोर्ड नेपाल, औधोगिक व्यवसाय विकास प्रतिष्ठान, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नेपाल संगित तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेटरी पब्लिक परिषद्, कपास विकास समिति, राष्ट्रिय आवास कम्पनी लि., वन पैदावार विकास समिति, आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, दुर्गम क्षेत्र विकास समिति, सामाजिक सुरक्षा कोष | आ.प्र/खुला तथा समावेशी | माघ | माघ | चैत्र/बैशाख | जेठ/असार |
| १३. | अन्य संगठित संस्थाहरु | संस्थाबाट माग भै आएको अवस्थामा आयोगको निर्णय बमोजिम हुने। | | | | |

# लोक सेवा आयोग

## आ.व. २०७५/०७६ को पदपूर्ति सम्बन्धी संशोधित वार्षिक कार्यतालिका-१

### (निजामती सेवातर्फ राजपत्रांकित तथा राजपत्र अनंकित विभिन्न श्रेणी/तहका पदहरु)

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | आवश्यकता अनुसार | - | - | - | - |
| २. | विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | कात्तिक/मंसिर | मंसिर अन्तिम बुधबार | माघ | माघ/फागुन | चैत्र/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ३. | विभिन्न सेवाका राजपत्रांकित द्वितीय श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | कात्तिक/मंसिर | मंसिर अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ४. | स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरु | खुला र आ.प्र. द्वारा | कात्तिक/मंसिर | मंसिर अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| ५. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | कात्तिक/मंसिर | मंसिर अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ६. | स्वास्थ्य सेवाका आठौं तहका पदहरु | खुला प्रतियोगिताद्वारा | कात्तिक/मंसिर | मंसिर अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| ७. | स्वास्थ्य सेवाका सातौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | कात्तिक/मंसिर | मंसिर अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | |
| ८. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | कार्तिक/मंसीर | मंसीर अन्तिम बुधबार | माघ | फागुन | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | चैत्र | जेठ | साउन/भदौ |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | चैत्र | जेठ | साउन/भदौ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ९. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | मंसीर/पुस | पुस अन्तिम बुधबार | फागुन | चैत | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| १०. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | पुस /माघ | माघ अन्तिम बुधबार | बैशाख | जेठ | साउन/भदौ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ११. | स्वास्थ्य सेवाका पाँचौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | पुस/माघ | माघ अन्तिम बुधबार | बैशाख | जेठ | साउन/भदौ |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा | | | | | |
| १२. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका अप्राविधिक पदहरु | आ.प्र. | माघ/फागुन | फागुन अन्तिम बुधबार | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | खुला – प्रथम चरण | | | वैशाख | असार | |
| | | खुला – द्वितीय चरण | | | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १३. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका प्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तहका पदहरु | खुला प्रतियोगिताद्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| १५. | टाइपिष्ट | आ.प्र. द्वारा बढुवा | | साउन अन्तिम बुधबार | असोज | असोज/कार्तिक | असोज/कार्तिक |
| १६. | अन्य | आवश्यकताअनुसार | | | | | |

नोट : नेपाल सरकारबाट पदपूर्तिका लागि माग प्राप्त नभएको खण्डमा तत्सम्बन्धी काम-कारवाही कार्यतालिका वमोजिम हुने छैन ।

*व्यवस्थापिका संसद सेवाको लागि मात्र ।

मिति २०७५/७/८ को आयोगको निर्णयबाट संशोधित